
# हेलम्बु गाउँपालिकाको पार्श्वचित्र २०७५




स्थानीय सरकार

## हेलम्बु गाउँपालिका

हेलम्बु, सिन्धुपाल्चोक

३ नं प्रदेश, नेपाल

## १.१ पृष्ठभूमि

जिल्लाको संक्षिप्त चिनारी :

सिन्धुपाल्चोक जिल्लाको नामकरण कसरी गरीयो भन्ने कुरामा चर्चा गर्दा नेपाललाइ १४ अञ्चल ७५ जिल्लामा बिभाजन गर्नु अघि पुर्व नं १ इलाकामा पर्दथ्यो । पुर्व नं १ मा पर्ने काभ्रे र सिन्धुपाल्चोकको मुख्य प्रशासनिक मुकाम चौतारा थियो भने धुलीखेल छोटी इलाकामा पर्दथ्यो । त्यस बेला नेपालमा प्रशासनिक इकाइका लागि ४० वटा थुमहरु खडा गरीएका थिए । ती थुमहरु मध्य सिन्धु र पाल्चोक पनि पर्दथ्यो । तिनै दुइ थुमका नामबाट सिन्धुपाल्चोक नामाकरण भएको हो भन्ने बुझिन्छ ।

सिन्धुपाल्चोक जिल्लाको भौगोलिक अवस्था :

सिन्धुपाल्चोक जिल्लाले नेपालको कुल क्षेत्रफलको १.७३ प्रतिशत भुभाग ओगटेको छ । यस जिल्लाको कुल क्षेत्रफल २५४२ बर्ग कि.मि.छ भने यसको अक्षांश २७.३४ डिग्री देखि २८.१२ डिग्री उत्तर र देशान्तरमा ८५.२६ डिग्री देखि ८६.४ डिग्री पुर्व सम्म फैलिएको छ । काठमाण्डौ बाट ८६ किमि टाढा रहेको यो जिल्लामा हिमाली, लेकाली,पहाडी र बेसी फाँटहरु रहेका छन ।

ऐतिहाँसिक धार्मिक स्थलहरू :

पाँचपोखरी, सुनकोशी, इन्द्रावती नेपालको इतिहाँसमा चर्चित घटना राजराज्यश्वरीको हेलम्वु निर्वाशन, दुगुना गढी र बहादुर शाहा, इन्द्रवती र सुनकोशीको किनारमा काजी भिम मल्लको हत्या, सिपा हवेली आदी पौराणीक ऐतिहासीक स्थान तथा घट्नाले सिन्धुपाल्चोकलाइ चिन्न थप मद्दत पुग्दछ । हेलम्वु, गौरती भिमेश्वर, जुगल हिमाल, गाङजला भञ्ज्याङ, भेम टाङ, पाल्चोक, पाताल गुफा, त्रिपुरा सुन्दरीभैरब कुण्ड, दुगुना गढी, पाटी भञ्ज्याङ, लिस्ति, दभि, सिन्धुकोट, गोल्मास्थान आदी अन्य महत्वपुर्ण धार्मिक तथा पर्यटकीय स्थलहरु हुन ।

नदीनाला तथा तालतलैयाहरू :

सिन्धुपाल्चोकमा इन्द्रवती, भोटेकोशी, सुनकोशी, मेलम्ची नदी पर्दछ । यसका अलवा स-साना खोलाहरुमा सिन्धुखोला, गोहरे, झ्याडी, हाँडी खोला महादेव खोला तौथली, वाफल खोलाहरु छन । पाँचपोखरी, सिपाखोला, भैरवकुण्ड, गुम्वा ताल, सुर्य कुण्ड, नौलिंग कुण्ड, धुप कुण्ड, गुन्यु ताल यहाँका प्रमुख तालहरु हुन ।

जिल्लाको सिमाना :

पुर्वमा दोलाखा, रामेछाप जिल्ला र तिब्बतको स्वशासित क्षेत्र तिब्बत पर्दछ । पश्चिममा नुवाकोट र रसुवा जिल्ला पर्दछ । उत्तर काभ्रेपलाञ्चोक दक्षिण काठमाण्डौं र रामेछाप जिल्ला पर्दछ ।

सिन्धुपाल्चोक जिल्लामा रहेका स्थानीय तहहरू

सिन्धुपाल्चोकमा १२ वटा स्थानीय तह र २ वटा प्रदेश क्षेत्र रहेको छ । यी तहहरु मध्य तीन वटा नगरपालिका हरु क्रमश: मेलम्ची, चौतारा र बाह्रबिसे रहेका छन । अरु बाँकी ९ वटा गाउँपालिकाहरु छन । ति पालिकाहरु मध्यको एक पालिका हेलम्वु गाउँपालिका हो ।

# खण्ड-१

## अध्ययनको पृष्ठभूमि

भूमिका

हेलम्वु गाउँपालिकाको नामाकरण तात्कालिन हेलम्बु गाबिस बर्तमान गाउँपालिकाको वडा नं १ सँग जोडिएको छ । हेलम्वु भन्नाले एउटा गाउँ मात्र नभएर यसले भेगको प्रतिनिधित्व गर्दछ । हेलम्बु भेगमा अधिकाशं ह्योल्मो जातीका मानिसहरु बसोवास गर्ने भएकाले यो भेगलाइ नै हेलम्बु भनिएको हुन सक्छ । साबिकको हेलम्बु गाबिसको नाम २०४९ सालको निर्बाचन सम्पन्न भए पछि निर्वाचित पहिलो गाबिसले यस गाबिसको नाम परिवर्तन गरेर हेलम्वु राखेको हो । त्यस अघि सम्म तार्केघ्याँगुल गा.बि.स.र तार्केघ्याँगुल पञ्चायत थियो । यसको अर्थ तार्के र घ्याँगुलको नामबाट तार्केघ्याँगुल रहेको अनुमान सजिलै गर्न सकिन्छ । राज्यको पुर्न संरचना सँगै यहाँका ५ वटा तात्कालिन गाबिसहरु क्रमशः हेलम्बु, किउल,पाल्चोक, महाँकाल इचोकलाइ मिलाएर हेलम्बु गाउँपालिकाको निर्माण भएको छ । यो पालिकामा ७ वटा वडाहरु रहेका छन । पुर्नसंरचनामा महाँकाल र इचोक दुवै तात्कालिन गाबिसलाइ २, २ वटा वडामा बिभाजन गरीएको छ ।

यस गाउँपालिकाले आफ्नो पालिकाको बस्तुगत बिवरण तयार पार्ने निर्णय गरेको छ । उक्त निर्णय अनुसार बस्तुगत बिवरण तयार पार्ने काम सम्पन्न समेत गरेको छ । हेलम्बु गाउँपालिकामा भएका स्रोत साधनहरुको उपयोग गरी अधिकतम बिकास गर्ने लक्षका साथ पालिकाको बर्तमान अवस्थाको अध्ययनका लागि यो बिवरण तयार पार्न लागेको हो ।

१.२ अध्ययनको उद्देश्यहरू :

अध्ययनका मुख्य उद्देश्यहरू :

क) गाउँपालिका क्षेत्रभित्र रहेका जनसांख्यिक अवस्थालाइ उल्लेख गर्ने ।
ख) आफ्नो पालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरू बारे अध्ययन गर्ने ।
ग) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको बिश्लेषण गर्ने ।
घ) पालिकाको बर्तमान बिकासको अवस्था पहिचान गर्ने ।
ङ) पालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको उल्लेख गर्ने ।
च) पालिका क्षेत्र भित्र रहेका प्राकृतिक स्रोत, साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
छ) पालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।
ज) पालिका क्षेत्रको तथ्याङ्कको संकलन गरी सरोकारवालहरु समक्ष सुचनाको पहुँच पुर्‍याउने ।
झ) पालिकास्तरमा सञ्चालित कार्यक्रमहरुलाइ पष्ठपोषण (Feedback) प्रदान गर्ने ।
ञ) पालिकाको भावी योजना, कार्यक्रम र नीति निर्माणमा सहयोग गर्ने ।

१.३ अध्ययनको महत्व :

गाउँ तथा नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नु पर्ने प्रावधान संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयले उल्लेख गरेको छ । गाउँ तथा नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको यो पार्श्वचित्रले बिकासलाइ तुलनात्मक बनाउन र कामको प्रगतीको मूल्याङ्कन गर्न सहयोग पुग्दछ । स्थान, भाषाभाषी जात जातीको अवस्था, शिक्षा, कृषि पसुपालन आयआर्जनको अवस्था, आर्थिक अवस्था खानपान जिवनयापन शैली स्वास्थ्य अवस्था र बिकासमा पहुँच लगायतका सुचकको आधारमा रणनैतिक योजना

तर्जुमा गर्न यस अध्ययनले पाँचपोखरी गाउँपालिकालाई सहयोग गर्नुका साथै समावेशी समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने बिश्वास गरीएको छ ।

### १.४ अध्ययनको औचित्य

स्थानीय जनताको आवश्यकतामा आधारीत योजनाको छनौट, योजना तर्जुमा, कार्यानुवयन, अनुगमन तथा मुल्याँकनलाइ सहभागितामुलक बनाउँदै विकास कार्यलाई प्रवर्धन गर्न नेपाल सरकारले स्थानीय तहमा गाउँ तथा नगरपालिकाहरूलाई दिंदै आएको विकास अनुदान खर्च उपलब्ध गराउन नेपाल सरकारले पालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ । ती सूचकहरू मध्ये हरेक पालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Municipality Profile तयार गर्नु पर्दछ । नेपाल जस्तो देशमा भौतिक पुर्वाधारको बिकास, योजनामा महिला बालवालिका तथा जेष्ठ नागरीकहरुको सहभागिता समेतलाइ ध्यान दिदै सवल र सक्षम बिकास कार्यलाइ अघि बढाउन Profile ले मद्दत गर्ने छ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सो को आधारमा गाउँपालिकाले उपलब्ध गाराउने स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यसको औचित्य थप पुष्टि हुन्छ ।

### १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्र तयारी गर्दा प्रयोग गरिएका विधिहरू निम्नानुसार रहेका छन् ।

- यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्यांकहरू समावेश गरी विश्लेषण गरिएको छ ।
- घरधुरी सर्वेक्षण गरीएको छ ।
- राष्ट्रिय जनगणना र विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ ।
- यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्र तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।
- आबश्यक्ता अनुसार पि.आर.ए.का बिधिहरु, बिशेष गरी श्रोत नक्सा र लक्षित समुह छलफल बिधिको प्रयोग गरीएको छ ।

### हेलम्बु गाउँपालिकाको पार्श्वचित्र :

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन पद्दती उपयोग गरी गरिएको छ । भौतिक निर्माणमा सडक, भवन, धार्मिक तथा अन्य पर्यटकीय स्थलहरू वातावरणीय समस्या आदी सुचनाहरु प्राथमिक तथ्याङ्कहरू, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू वडा बासीहरूबीच सहभागितामूलक पद्दति (Participatory Rapid Appraisal) बिधि अपनाइएको छ । यसका साथै पालिकाको स्थितिको जानकारी लिन, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारी, वुद्धिजिवि लब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग लक्षित समुह छलफल एवं अर्न्तवार्ता गरी पालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू बारेमा जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत पालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

यस गाउँपीलकाले आफ्नो परिबेश बिश्लेषणका लागि पार्श्वचित्रको निर्माण गरेको छ । हरेक पालिकाले आफ्नो गाउँठाउँको परिबेशको अध्ययन तथा बिश्लेषण गर्ने र सो का आधारमा आगामी योजनाहरुको निर्माण गर्ने कामको थालनीले योजनाबद्द बिकासमा टेवा पुग्ने कुराको पुणंत बिश्वास गर्न सकिन्छ । नेपालमा लामो समय पछि स्थानीय तहको निर्बाचन भएको छ । यो स्थानीय सरकार अधिकार सम्पन्न स्वायत्त सरकार हो । यस प्रति जनताले ठुलो आशा गरेका छन । यो आशा र भरोसा, जन-प्रतिनिधीहरुका लागि अवशर मात्र नभएर चुनौती पनि हो ।

नेपालको संविधानले राज्यको पुर्नसंरचना अनुसार तीन किसीमको सरकारको व्यवस्था गरेको छ । हरेक सरकारले सर्वप्रथमत आफ्नो अधिकार क्षेत्र भित्रको सुचनाको अभिलेख तयार पार्नु पर्दछ । यस्ता सुचनाले आफनो क्षेत्रको बर्तमान अवस्थालाइ झल्काउँछ । बर्तमान अवस्थाको आधारमा मात्र अगामी योजना बनाउन सकिन्छ । यस्ता योजनाहरु दिगो भरपर्दो र परिणामुखी हुन्छन । योजनाबद्ध विकासलाइ अगाडि बढाउनका लागि सत्य तथ्य अवस्थाको पहिचान गर्नु पर्छ । यस्ता सुचनाका लागि अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न र सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ । पार्श्वचित्र निर्माणको लागि आवश्यक सुचनाहरु प्राप्त गर्न, पारम्भिक र द्धितिय तहको सुचनाको आवश्यक्ता पर्दछ । यसका लागि प्रत्यक्ष सर्वेक्षण र प्रकाशित सुचना तथा मुखपत्र, पत्र-पत्रिका, पुस्तक,अभिलेखहरु, सिलालेख आदीलाइ श्रोतको रुपमा लिन सकिन्छ । यहाँ अहिले पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गर्ने प्रयाश गरीएको छ । त्यसै गरी प्रारीभक तहका सुचनाका लागि घर दैलो सर्वेक्षण तथा सामुहिक छलफललाइ आधार बनाइएको छ । यसरी प्राप्त भएका सुचनाहरुलाइ एक ठाउँमा समेटेर यो गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको हो ।

पार्श्वचित्र निर्माणलाइ स्थानीय स्वायत्त शासन ऐन तथा निएमावली २०५४ र ०५५ ले निर्दिष्ट गरेको छ । त्यसै गरी बिभिन्न समयमा प्राप्त भएका सरकारी निर्देशनहरुमा समेत यो व्यवस्था गरेको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले समेत स्थानीय तहहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको छ । संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय द्वारा जारी स्थानीय तहको विवरण तयारी कार्यविधि २०७४ ले स्थानिय तह मातहत सम्पन्न गरिने सम्पूर्ण विकास निर्माणका लागि बस्तुगत अवस्थाको सहि पहिचान गर्न निर्देशन दिएको छ । सांस्कृतिक भौगोलिक, आर्थिक, सामाजिक, वातावरणीय, र जनसांख्यिक सूचनाहरुलाई व्यवस्थित गर्नुपर्ने दायित्व स्थानीय तहलाइ छ । यी सवै कुराहरुलाइ मध्यनजर गरेर पालिकाको वस्तुस्थिति झल्कने गरी यो हेलम्वु गाउँपालिकाको पार्श्वचित्र (Profile) तयार पारिएको छ ।

१.६ अध्ययनका सीमाहरु :

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेको ढाँचा बमोजिम पालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार खुलाईएको छ । पालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धीत पालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको हो । पार्श्वचित्रको अवधारणाअनुसार यसले पालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रूपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तथापि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यहरूलाई मध्यनजर गर्दै आवश्यकता अनुसारका तथ्याङ्कहरु उल्लेख गरिएको छ ।

# खण्ड २

१. संक्षिप्त परिचय :


हेलम्वु गाउँपालिका उत्तर तर्फ चिनको स्वशासित क्षेत्र तिव्वत, दक्षिण तर्फ मेलम्ची नगरपालिका,उत्तर पुर्व तर्फ नुवाकोट जिल्ला र पश्चिम तर्फ पाँचपोखरी गाउँपालिका पर्दछ । यो पालिकामा बिभिन्न जातीका मानिसहरुको बसोवास रहेता पनि ह्योल्मो जातीको बाहुल्यता छ । यस ठाउँमा ह्योल्मोहरुको अलवा अन्य शेर्पा, तामाङ, क्षेत्री, बाहुन, कामी दमाइ सार्की लगायतका जातिहरुको पनि बसोवास गर्छन । यो पालिकाको नाम ह्योल्मो जातीको पहिचान खुल्ने गरी हेलम्वु गाउँपीलकाको नामाकरण भएको कुरा मान्न सकिन्छ । यस गाउँपालिका भित्र ७ वटा वडाहरु रहेका छन् । यसमा साबिकको हेलम्वु गाबिस वडा नं १ हो भने किउल २, पाल्चोक ३ नं वडा हो । महाँकाल गाबिस वडा नं ४ र ५ मा बिभाजित छ । त्यस्तै गरी वडा नं ६ र ७, साबिकको इचोक गाबिसमा पर्दछ ।

हेलम्बु पर्यटकीय क्षेत्रको रुपमा परिचित छ । हिमालको दृष्य, शेर्पा जातीको बसोवास, रहनसहन र रितिरिवाजले बाह्य पर्यटकहरु आकर्षित हुने गरेका छन । यो क्षेत्र धार्मिक पर्यटकीय स्थल पनि हो । यस ठाउँमा बिभिन्न समयमा धार्मिक गुरुहरुले ध्यान गर्ने गरेको र त्यति बेला धार्मिक गुरुहरुले यस क्षेत्रको भ्रमण समेत गरेको किम्वदन्तिहरु पाइन्छ ।

यहाँका मानिसहरुको मुख्य पेशा कृषि हो । यो पालिकाको माथिल्लो भेगमा परम्पारगत जातका आलु मुलाहरु लगाउने चलन थियो र अहिले पनि कायमै छ । पसुपालनमा भेडच्याँग्रा, चौरी पाल्ने चलन छ । हेलम्बु गाउँपालिकाको शेर्माथान, मेलम्ची घ्याङ तार्के घ्याङ लगायतका ठाउँहरुबाट कामको शिलशिलामा धेरै जसो मानिसहरु भारतको बिभिन्न शहरहरु लगायत युरोपमा समेत आवत जावत गर्छन । यस ठाउँमा २०६८ सालको जनगणना अनुसार ४२०३ घर परिवार, १७५७१ कुल जनसंख्या र त्यसमा पुरुषको संख्या ८५६४ र महिलाको ९१०७ रहेको छ । हेलम्बु गाउँपालिकाले ०७५ सालमा गरेको सर्वेक्षण अनुसार कुल घरधुरी संख्या ४२८४ रहेको छ ,। यसमा महिलाको संख्या ११०५४ र पुरुषको संख्या १०७९९ भने कुल जनसंख्या २१८५३ छ । हेलम्बु गाउँपालिकाले गरेको सर्वेक्षण अनुसार उमेरगत जनसंख्यालाइ हेर्दा १०२३५ जना १९ बर्ष देखी ४५ सम्मका रहेका छन । यो उमेर समुह भनेको सवै भन्दा आर्थिक उपार्जनमा संलग्न हुन सक्ने उमेर समुह हो । यो संख्या भनेको कुल जनसंख्याको प्रतिशतमा ४६.८३ हो ।


गाउँपालिका घरधुरी तथा जनसांख्यिक बिवरण : जनगणना २०६८

| वडा नं. | तात्कालिन गाबिस | परिवार संख्या | कुल जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | १ हेलम्वु | ६५६ | २५६४ | १२५८ | १३०६ |
| २ | २ किउल | ७६४ | २९५० | १४४४ | १५०६ |
| ३ | ३ पाल्चोक | ४८९ | १९२७ | ९५२ | ९७५ |
| ४,५ | महाँकाल | १०२४ | ४८४३ | २२८० | २५६३ |
| ६,७ | इचोक | १२७० | ५३८७ | २६३० | २७५७ |
| | जम्मा | ४२०३ | १७६७१ | ८५६४ | ९१०७ |




**गाउँपालिका घरधुरी तथा जनसांख्यिक बिवरण : हेलम्बु गाउँपालिका सर्वेक्षण २०७५**

| वडा नं | घर संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ६९९ | १६०५ | १५४० | ३१४५ |
| २ | ७०४ | १९८५ | १८९१ | ३८७६ |
| ३ | ४९० | १२३६ | १२३४ | २४७० |
| ४ | ५२४ | १३९४ | १३४६ | २७४० |
| ५ | ५२३ | १४८६ | १४६० | २९४६ |
| ६ | ७१६ | १६३३ | १६९४ | ३३२७ |
| ७ | ६२८ | १७१५ | १६३४ | ३३४९ |
| जम्मा | ४२८४ | ११,०५४ | १०,७९९ | २१,८५३ |



हेलम्बु गाउँपालिकाले २०७४/०७५ मा गरेको सर्वेक्षण अनुसार प्राप्त केहि तथ्याँकहरुलाइ हेर्दा कुल घरधुरी संख्या ४२८४ रहेको पाइएको छ । त्यसमा कुल जनसंख्या २१,८५३ यस मध्य महिलाको संख्या ११०५४ र पुरुषको संख्या १०७९९ रहेको छ । यो आँकडालाइ हेर्दा २०६८ को जनगणनाको तुलनामा जनसंख्यामा बृद्दि भएता पनि घर धुरी संख्या बढेको पाइएको छैन तर आवाष निर्माणको तथ्याँकलाइ हेर्दा भने उल्लेख्य रुपमा बढेको देखिन्छ ।

१.२. ऐतिहाँसिक पृष्ठभुमि :

हेलम्वु गाउँपालिकाको कुल जनसंख्या मध्ये ६० प्रतिशत ह्योल्मो जातीका मानिसहरुको बसोवास रहेको छ । कुरा २०६८ सालको जनगणनाको तथ्याँकमा उल्लेख छ ।

हेलम्बु भनेको के हो ? यो ठाउँको नाम हेलम्बु किन रहन गयो भन्ने कुराका बारेमा कुनै लिखित दस्तावेजहरु पाइएको छैन । यद्यपी यहाँका बुढापाका र जानिफकार मानिसहरुका अनुसार हे भनेको आलु र बु भनेको ठाउँ अर्थात आलु हुने ठाउँ भन्ने अर्थमा यस ठाउँको नाम हेबु र पछि क्रमश अपभ्रंस हुँदै हेलम्बु नामाकरण भयो भन्ने भनाइ रहेको छ । यसरी हेलम्वु नामाकरण हुनुमा अत्यधिक आलु उत्पादन भएर होला भन्ने कुराको अनुमान यस मानेमा पनि गर्न सकिन्छ कि यहाँको मुख्य कृषि पेशा र यसमा पनि आलुको उत्पादन नै हो । आज पनि यहाँ प्रशस्त मात्रामा आलुको उत्पादन हुन्छ । कतिपयले हे भनेको आलु र लाभु भनेको मुला हो । आलु र मुला प्रशसत हुने ठाउँ भएकाले यो ठाउँको नाम हेलाभु नामाकण गरीयो यसबाट पछि अपभ्रंश हुँदै हेलम्बु रहन गयो भन्ने भनाइ पनि छन ।

हेलम्बु भनेर अहिले यो पालिकाको वडा नं एकलाइ बुझिन्छ । बिगतमा वडा नं एक अर्थात अहिलेको हेलम्बुलाइ मात्र हेलम्बु नभनेर मेलम्ची भन्दा माथिको भुभाग सबैलाइ बुझाउथ्यो । अर्थात इन्द्रवती उपत्यका र मेलम्ची यी दुवै इलाकालाइ हेलम्बु क्षेत्रको रुपमा बुझिन्थ्यो । हेलम्वु ह्योल्मो जातीको बसोवास र रमणीय दृष्य हेर्ने हेतुले बिदेशि पर्यटकहरु हेलम्बु हेर्न दैनिक सयौंका् संख्यामा आउने गर्दथे । यस ठाउँमा पर्यटन व्यवसाय त्यति बेला निकै आकर्षक पेशा थियो । २०४९ सालमा स्थानीय निर्बाचन सम्पन्न भयो । यो बेला सम्म यस गाबिसको नाम तार्केघ्याँगुल गाबिस थियो । त्यस बेला यस ठाउँका केहि मानिसहरुको पहलमा हेलम्वु गाबिस नामाकरण भयो । यसको पछाडी पर्यटकहरुको गन्तव्य अहिलेको वडा नं एक लाइ बनाउने मनशायका साथ यसो गरीएको हुन सक्ने अनुमान पनि गर्छन मानिसहरु । हेलम्बु गाउँपाकि राजेन्द्र लक्ष्मिले एक महिना सम्म निगालाको टुसाहरु खाएर निर्वासन गरेको ठाउँ, ऐतिहाँसिक गुम्वा मठ मन्दिरहरु ह्योल्मो जातीको संस्कृत आदीले यस ठाउँको महिमा बढाएको छ ।

२. भौगोलिक स्वरूप

हेलम्बु गाउँपालिकामा रहेका ८ वटा वडाहरु सबैको भौगालिक स्वरुपमा समानता पाइन्छ । वडा नं १ र २ को माथिल्लो भाग निकै उचाइमा अवस्थित छ र यस ठाउँमा हिउँदको समयमा हिंउ पर्छ । बाँकी ५ वटा वडामा हिमाली, मध्य र तल्लो तटीय भुभागहरु रहेको छ । मेलम्ची नदीले यो पालिकालाइ एउट शुन्दर उपत्यकामा परिणत गरेको छ । मेलम्चीको नदी एका तर्फ हेलम्बु, किउल, पाल्चोक र अर्का तर्फ इचोक, महाँकाल रहेको छ । यो पालिकाको मध्य भाग बाट बग्ने मेलम्ची नदीले नदी किनारमा समथर मलिलो भु-भागहरुको निर्माण गरेको छ ।

यहाँको भु-भाग अनुसारकै हावापानी रहेको छ । माथिल्लो भागमा हिंउदको समयमा निकै ठण्डा र गर्मिको समयमा ठिक्कको हावापानी कायम रहन्छ । मध्य भागमा पनि जाडोमा जाडो र गर्मिमा गर्मि हुन्छ । जाडो याममा पनि लेकमा जस्तो यस ठाउँमा निकै जाडो र गर्मिमा निकै गर्मि हुँदैन । तल्लो भु-भागमा गर्मिमा निकै गर्मि हुन्छ भने जाडोको समयमा पनि धेरै जाडो हुँदैन ।

३. स्थानीय चाडपर्ब जात्रा तथा मेलाहरूको बिवरण :

दशैं तिहार :

दशैं तिहार,हिन्दुहरुको मात्र महान चाड नभएर अधिकाशं नेपालीहरुले मनाउने चाड बनेकाले यस चाडलाइ राष्ट्रिय चाडको रुपमा लिइएको छ। दशैं शक्तिको आरधना गर्ने चाड हो भने तिहार दाज्यु भाइको दिर्घायु र सुवास्थ्यको कामना गरेर मनाउने चाड हो।

ल्होसार,छेजु,नारा :

ल्होसार तामाङ, ह्योल्मो शेर्पा लगायतका जातीहरुले मनाउने चाड हो । यो चाड बिशेष गरी नयाँ बर्षको खुसीयालीमा उल्लेखित जातीका मानिसहरुले मनाउने गर्छन । यो चाडमा मिठो मसिनो खाने इष्टमित्रहरु भेला भएर रमाइले सँग मनाउने चलन छ। ल्होसार, छेजु, नारा जस्ता चाडहरुमा पनि दशै तिहारमा झैं सवै इष्टमित्र जम्मा भएर मनाउने चलन छ।

तिज, माघे संक्रान्ति, चैते दशैं र साउने संक्रान्ति :

तिज : तिज पनि नेपालीहरुको एउटा ठुलै चाड हो यो चाड बिशेष त भाद्र महिनामा मनाइन्छ। महिलाहरु निहार ब्रत बसि यो चाड मनाउउँछन । तिजको प्रमुख बिशेषता भनेको श्रीमानहरुको दिर्घायुको कामनाकालागि ब्रत बस्ने नाचगान गर्ने र खिर लगायत मिठो खाना खाने गरीन्छ । यो चाडमा दिदी बहिनीहरुलाइ माइतमा निम्ता गर्ने चलन छ र प्रायजसो महिलाहरुले यो चाड माइतमा गएर मनाउने गर्छन ।

माघे संक्रान्ति : माघे संक्रान्तिमा तरुल, चाकु वा सक्खरबाट बनेका परिकारहरु, उसिनेको तरुल र माछा मासु खाएर यो चाड मनाउने गरीन्छ। यो चाडमा पनि दिदी बहिनी र भान्जा भान्जिहरुलाइ निम्ता गर्ने चलन छ।

चैते दशैं : यो चाडलाइ सानो दशैं भनेर मानिन्छ , यो चाडमा दिदी बहिनी भान्जा भान्जिलाइ बोलाएर माछा मासु लगायतको मिठो खाने कुराहरु ख्वाएर मेजमानी गर्ने र दुख सुख साटासाट गर्ने चाड हो ।

साउने संक्रान्ति : साउने संक्रान्ति पनि माछा मासु खिर लगायतका मिष्ठानहरु खाएर मनाइन्छ । त्यस्तै आषाढको १५ दहि चिउरा र साउनको १५लाइ खिर खाने चाडको रुपमा लिइन्छ।

जात्राहरु :

हेलम्बु गाउँपालिकामा मनाइने जात्राहरुमा बिशेष गरी  साातधारे, कोट, कुबिण्डे र डुप्चेमा जात्रा पर्छ। यी जात्राहरु प्राय गरी सवै जातीका मानिसहरु भेला भएर मनाउँछन। कुबिण्डे महाँङकाल अर्थात हेलम्बु गाउँ पालिकाको ६ मा पर्छ। सातधारा पाल्चोकमा र डुप्चे हेलम्बु गा.पा १ मा पर्छ।

४.पर्यटकीय स्थलहरूको बिवरण :

| क.स | पर्यटकीय स्थलहरुको नाम | वडा नं | स्थलको महत्व | औषतमा प्रति दिन |
|---|---|---|---|---|
| १ | पाल्चोकी माइको थान | ३ | चिताएको पुग्छ भन्ने जनबिश्वास | १०० जना |
| २ | ककनी | ३ | भ्यु, साइड सिन | ५० |

| | | | | |
|---|---|---|---|---|
| ३ | शेर्माथाङ | २ | शेर्पा बस्ति,गुम्वा, भ्यु हेर्न पर्यटकहरु जाने गर्छन। | ५० |
| ४ | तार्केघ्याङ | १ | शेर्पा बस्ति,गुम्वा, भ्यु हेर्न पर्यटकहरु जाने गर्छन। | २० |
| ५ | आमायाँग्री | १ | शुन्दर दृष्य चिताएको पुग्ने बिश्वास | १० |
| ५ | मेलम्ची घ्याङ | १ | शेर्पा बस्ति,गुम्वा, भ्यु, गुम्वा | २० |
| ६ | सेती घ्याङ | १ | शेर्पा बस्ति,गुम्वा, भ्यु, गुम्वा | २० |
| ७ | चुरी घ्याङ | १ | तार्के घ्याङ नजिकै रहेको छ। | |
| ८ | मेलम्ची खानेपानी सुरुङ | १ | सुरुङ | ५० |
| ९ | मेलम्ची झरना | १ | दृष्यावलोकन | ५० |
| १० | ट्राउट माछा फाराम | १,२,३ र ४ | दृष्यावलोकन,माछा बिक्रि स्थल | २०० |

स्रोत : स्थानीय समुदाय

पाल्चोकि माइको थान :

हेलम्बु गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरुमा पाल्चोकी माइको थान, एक प्रशिद्द धार्मिक पर्यटकीय स्थल हो। यहाँ देशका बिभिन्न भागका मानिसहरु दर्शन गर्न आउँछन। पाल्चोकी माइको दर्शन गरे पछि चिताएको फल पाइन्छ भन्ने जन बिश्वास रहिआएको छ। यहाँ भगवतीलाइ पञ्चवलि दिने चलन छ ।

ककनी:

हेलम्बु गाउँपालिकाको वडा नं २ पाल्चोकमा ककनी पर्छ। यो ठाउँ निकै शुन्दर र रमणीय छ। यहाँ बाट धेरै दृष्यहरुको अवलोकन गर्न सकिन्छ। इन्द्रावती र मेलम्ची उपत्यकालाइ नजिक बाट हेर्न सकिने यो ठाउँ बाट हिमाली दृष्यहरु पनि देख्न सकिन्छ।

शेर्माथाङ :

पर्यटकीय दृष्टीले निकै रमणीय ठाउँ हो। यहाँको शेर्पा बस्ति, उनीहरुको खानपान मनोरम दृष्यावलोकन गर्न धेरै बिदेशीहरु आउँछन। हेलम्बु पर्यटकीय क्षेत्रको रुपमा बिगत देखि नै निकै चर्चामा रहेको ठाउँ हो ।

तार्केघ्याङ :

यो ठाउँ निकै चर्चित पर्यटकीय स्थल हो । यी ठाउँहरुमा गुम्वाको दर्शन गर्न र हिमाली दृष्यहरु हेर्न मानिसहरु आउने गर्छन । यसको अलवा यहाँको ह्योल्मो र शेर्पा जातीको बसोवासको शेलीलाइ मनपराउनेहरु पनि उत्तिकै मात्रामा आउने गरेको पाइन्छ।

मेलम्ची घ्याङ :

मेलम्ची घ्याङ हेलम्बु गाउँपालिकाको लागि एक अर्को पर्यटकिय आकर्षक केन्द्र हो । यहाँ बाट उच्च हिमाली क्षेत्रको अवलोकन गर्न सकिन्छ। यो धार्मीक पर्यटकीय स्थल पनि हो। महादेव र पार्वतीले बिश्राम गरेको पबित्र स्थलको रुपमा पनि मेलम्चीलाइ लिइन्छ।

सेतीघ्याङ :

सेती घ्याङ एउटा गुम्वा निर्मित ठाउँ मात्र नभएर पबित्र स्थल भएको ठाउँ पनि हो। यो ठाउँ बाट पनि धेरै हिमाली दृष्यहरु देख्न सकिन्छ। निकै ठुलो र पुरानो गुम्वा समेत भएकाले यो ठाउँ निकै ख्याती प्राप्त छ।

चुरी घ्याङ :

..................................................................................................................

**मेलम्ची खानेपानी आयोजना :**

**हेलम्वुको अर्को पर्यटकीय स्थल भनेको मेलम्ची खानेपानी आयोजनाको सुरुङ र झरना पनि हो । सुरुङ र झरना हेर्नकालागि पनि हरेक दिन मानिसहरु आउने गर्छन । हेलम्वु गाउँपालिकाको वडा नं १,२,३ र४मा ट्राउट माछा फारामहरु रहेको छ । यहाँ ट्राउटमाछाका पारखीहरुको भिड लाग्ने गर्छ ।**

५. कृषि तथा पशुपालनको अवस्था :

**हेलम्बु गाउँपालिकाको अधिकाशं जमिन भिरपाखा छ । यहाँ समथर जमिन खास गरी पाल्चोक शेरा फाँट, गैरी खेत, अमिलो पानी महाँकालको शेरा, इचोकको गोहरे फाँट, महाँकाल फाँटहरु हुन । माथिल्लो भेगमा आलु खेती बढि हुन्छ भने मध्य भागमा मकै र कोदोको बढि खेती हुन्छ र तल्लो भेगमा धान गहुँ मकै कोदो तोरी आलु लगायत तरकारी खेती हुन्छ । यहाँको खाध्यान्न आपुर्तिको अवस्था हेर्दा कृषि पेशामा संलगन नहुने अर्थात आफ्नो कमाइ नै नहुने परिवार संख्या २३० रहेको छ । आफ्नो कमाइले तीन महिना मात्र खान पुग्ने १५४९ परिवार संख्या छ । ६ महिना मात्र खान पुग्ने संख्या ७६१ रहेको छ । नौ महिना खान पुग्ने ३६२ र एक वर्ष सम्म पुग्ने परिवार संख्या ८२४ रहेको छ भने आफुलाइ पुगेर बिक्री गर्ने परिवार संख्या १४९ रहेको पाइएको छ ।पसुपालनको अवस्थाका बारेमा पालिकाले ०७५ मा गरेको अध्ययन अनुसार गाइको संख्या १०७७ रहेको छ भने भैंसी २०६९ र बाखा ५५०३ भएको उल्लेख छ ।**

६. सिचित क्षेत्रफलको बिवरण :

**हेलम्बु गाउँ पालिकामा हिंउँद बर्षा नै खेतीपाती हुने ठाउँ कमै रहेको छ । उच्च भुभागमा पानीको श्रोतको अभाव र भिरालो जमिन भएकाले यहाँ सिचित जमिन कमै रहेको छ । मध्य भागमा केहि भुभाग खेतीका लागि उपयोगी भए पनि सिंचाइको सुबिधा छैन ।**

**तल्लो भेग खास गरी नदी किनारमा समथर जमिनहरु रहेका छन । यी जमिनहरु नदीको आसपासमा रहेका छन । हिउँद वर्षा नै सिंचाइ हुने जमिनमा खास गरी पाल्चोक शेरा फाँट, गैरी खेत,अमिलो पानी महाँकाल शेरा, इचोकको गोहरे र महाँकाल फाँटहरु हुन । यी फाटहरुमा मेलम्ची खोखाको मुहान गरी सिंचाइ हुने भएकाले बर्ष भरी नै सिंचाइको सुबिधा छ । आगामी दिनहरुमा मेलम्चीको पानी पथान्त्रण पश्चात भने सिंचाइमा समस्या उत्पन्न हुने देखिन्छ ।**

**मध्य पहाडी भागमा हुने सिंचाइ भनेको बर्षे सिंचाइ कुलोहरु हुन । यिनीहरु सँधै निएमित चल्ने कुलोहरु नभएर वर्षाको समयमा चल्ने र हिंउदमा बन्द हुने कुलोहरु हुन । सिंचाइको अभावमा हिंउँदको समयमा ती जग्गाहरु बाँझो रहने गरेको छ ।**

७.बनक्षेत्र बिवरण :


**बन क्षेत्रको कुरा गर्दा सामुदायिक बन, निजी बन, सरकारी बनहरु, बन क्षेत्रमा पर्दछन । यसमा सवै भन्दा धेरै बन क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्जमा पर्दछ । त्यसको अलवा हेलम्वु, किउल, इचोक र महाँकालमा सामुदायिक बनहरु रहेका छन । यी बनमा तल्लो भेगमा बिशेष गरी पाल्चोक र महाँकालमा सालको जंगल रहेको छ । अन्य ४ वटा वडामा सालको काठ पाइदैन । यि ठाउँहरुमा बिशेष गरी सल्लो, चिलाउने उत्तिसहरु पाइन्छ । माथिल्लो भेगमा भने गुराँस र खयर लागायतका काठहरु समेत पाइन्छन ।**

८. सरकारी सार्वजनिक जग्गाहरूको बिवरण :

सरकारी र बन क्षेत्रका जग्गाहरु मिश्रीत अवस्थामा छन । बन क्षेत्र भित्र नै अधिकाशं ठाउँमा सरकारी जमिनहरु रहेको छ । बस्तिका आसपासमा बिगतमा छुट्याइएका पाटी पौवा मठ मन्दिर देवालय चरी चरण क्षेत्रहरु रहेका छन । ती जग्गाहरुमा कति पय ठाउँहरुमा मठमीनदर पाटी पौवा र चरी चरणका रुपमा रहेका छन भने कतिपय ठाउँ अतिक्रमित समेत भएका छन ।

९. जनसंख्या बिवरण २०६८ र हे गा.पा.सर्वेक्षण २०७५

| जनसंख्या | राष्ट्रिय जनगणना २०६८ | गाउँपालिका घरधुरी सर्वेक्षण २०७५ |
|---|---|---|
| परिवार संख्या | ४,२०३ | ४२८४ |
| महिला | ९,१०७ | ११५२० |
| पुरुष | ८,५६४ | ११६०२ |
| जम्मा जनसंख्या | १७,६७१ | २१८५३ |




राष्ट्रिय जनगणना २०६८ सालको जनगणनामा ४२०३ घर धुरी रहेकोमा ७ वर्षको अन्तरालमा ८१ घरहरु मात्र थप भएको कुरा २०७४/०७५ सालमा हेलम्बु गाउँपालिकाले गरेको सर्वेक्षण अनुसार देखिन्छ भने कुल जनसंख्यामा २१८५३ जना रहेको पाइयो ।

१०. वडा अनुसार घरधुरी तथा जनसंख्या बिवरण २०६८ :

| वडा नं | घरपरिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ६५६ | १२५८ | १३०६ | २५६४ |
| २ | ७६४ | १४४४ | १५०६ | २९५० |

| | | | | |
|---|---|---|---|---|
| ३ | ४८९ | १६०८ | १७३९ | ३३४७ |
| ४,५ | १०२४ | २२८० | २५६३ | ४८४३ |
| ६,७ | १२७० | २६३० | २७५७ | ५३८७ |
| जम्मा | ४२०३ | ८९९० | ९८७१ | १९०९१ |

**राष्ट्रिय जनगणना २०६८ का अनुसार हेलम्बु गाउँपालिकामा पनि अन्यत्र झैं पुरुषको तुलनामा महिलाको संख्या बढि देखिएको छ। यहाँ पुरुष भन्दा महिला ८८१ ले बढि रहेको पाइएको छ।**

| वडा नं | घरपरिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ६९९ | १५४० | १६०५ | ३१४५ |
| २ | ७०४ | १८९१ | १९८५ | ३८७६ |
| ३ | ४९० | १२३४ | १२३६ | २४७० |
| ४ | ५२४ | १३४६ | १३९४ | २७४० |
| ५ | ५२३ | १४६० | १४८६ | २९४६ |
| ६ | ७१६ | १६९४ | १६३३ | ३३२७ |
| ७ | ६२८ | १६३४ | १७१५ | ३३४९ |
| जम्मा | ४२८४ | १०७९९ | ११०५४ | २१८५३ |

**वडा अनुसार घरधुरी तथा जनसंख्या बिवरण सर्वेक्षण २०७५ :**

**राष्ट्रिय जनगणना २०६८मा प्राप्त भएको तथ्याँक र २०७५ सालमा गाउँपालिकाले गरेको सर्वेक्षण बाट प्राप्त भएको तथ्याँकलाइ हेर्दा ठुलो फरक देखिंदैन। गाउँपालिकाको जम्मा घरधुरी संख्या २०६८मा ४२०३ रहेकोमा यस वर्षको अध्ययनमा ४२८४ मात्र रहेको पाइएको छ। त्यस्तै कुल जनसंख्या १९०९१ रहेकोमा यस बर्षको अध्ययनमा २१८५३ रहेको पाइएको छ। त्यस बेला महिलाको संख्या ९८७१ थियो भने अहिले यो संख्या बढेर ११०५४ पुगेको छ। २०६८ मा पुरुषको संख्या ८९९० रहेकोमा यस वर्ष भने १०७९९ रहेको पाइएको छ। अहिलेको अध्ययनले समेत महिलाको सख्यां पुरुषको तुलनामा बढेको देखिन्छ, गाउँपालकिाले गरेको सर्वेक्षणका आधारमा ०६८ देखि अहिले सम्म अर्थात ७ बर्षको बिचमा महिलाको संख्यामा ११८३ ले बृद्दि भएको देखिन्छ। त्यस्तै पुरुषमा राष्ट्रिय जनगणना ०६८ देखि यता २०७५ सम्म आइपुग्दा १८०९ जना बृद्दि भएको पाइयो।**

११. उमेरगत तथा लिंगका आधारमा जनसंख्याको बिवरण २०६८ :


| वडा | ४ बर्ष | | ५-९ | | १०-१४ | | १५-२४ | | २५-४५ | | ४६-७० | | ७१+ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म |
| १ | ५८ | २३४ | ९३ | २८७ | १४३ | ३५० | २७१ | २९० | ३२० | ३११ | ३२८ | ३६८ | ८४ | ६९ |
| २ | ९९ | १०६ | १४७ | १७६ | २०६ | २११ | २०१ | २२९ | ३०६ | ३१५ | ३२४ | ३३६ | ८८ | १०६ |
| ३ | ११९ | १३२ | १८८ | १९० | १८४ | २२९ | २८२ | ३०४ | २५७ | ३२२ | २५९ | ३४७ | ७५ | ९० |
| ४,५ | २५४ | २७० | २८७ | ३७० | २९१ | ३०१ | २४५ | २५१ | ४०३ | ४६२ | ३०७ | ३३३ | ५३ | ६२ |
| ६,७ | २०८ | २९६ | ३१८ | ३८९ | २५८ | २७७ | ४४० | ४९० | ४७६ | ५०३ | ४७४ | ४९१ | १३३ | १५४ |
| जम्मा | ७३८ | ८८२ | १०३३ | १२५४ | १०८२ | १२०५ | १३७९ | १४९४ | १७६२ | १९१३ | १६९२ | १८७५ | ४३३ | ४८१ |

**यो तालिका हेर्दा जेष्ठ नागरीकहरुको संख्या कम देखिएको छ। यसले हेलम्वुमा आर्थिक रुपमा सवल जनसंख्या बढि भएको देखिएको छ।**

उमेरका आधारमा वडागत जनसंख्या हे.गा.पा. सर्वेक्षण २०७५

| वडा नं | उमेरगत आधारमा वडागत जनसंख्या | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ०-५ | ६-१८ | १९-४५ | ४६-७५ | ७६-०० | |
| १ | १४८ | ४८७ | १५९० | ८६० | ६० | ३१४५ |
| २ | २८९ | ८१६ | १७८५ | ८९१ | ९५ | ३८७६ |
| ३ | २१६ | ५६१ | ११७० | ४७४ | ४९ | २४७० |
| ४ | २६९ | ६३४ | १२७२ | ५२५ | ४० | २७४० |
| ५ | २८० | ७२१ | १४४१ | ४७१ | ३० | २९४३ |
| ६ | २९७ | ८२६ | १४७४ | ६३४ | ९६ | ३३२७ |
| ७ | २९५ | ७९६ | १५०३ | ६८१ | ७७ | ३३५२ |
| | १७९४ | ४८४१ | १०२३५ | ४५३६ | ४४७ | २१८५३ |


उमेरका आधारमा वडागत जनसंख्या हे.गा.पा. सर्वेक्षण २०७५





१२. आर्थिक रूपले सकृय जनसंख्याको बिवरण प्रतिशतमा २०७५ :

| उमेर समुह | जम्मा | प्रतिशत |
|---|---|---|
| ०-५ | १७९४ | ८.२० |
| ६-१८ | ४८४१ | २२.१५ |
| १९-४५ | १०२३५ | ४६.८३ |
| ४६-७५ | ४५३६ | २०.७५ |
| ७६-०० | ४४७ | २.०४ |
| जम्मा | २१८५३ | १०० |

**उमेर समूह अनुसार सक्रिय जनसंख्या**




**उमेर समूह अनुसार सक्रिय जनसंख्या (प्रतिशतमा)**




२०७४/०७५ मा हे.गा.पा.ले गरको घरधुरी सर्वेक्षणमा उमेरगत बिवरण अनुसार कुल जनसंख्या २१,८५३ रहेको छ । यसमा १९ देखि ४५ वर्ष उमेर समुहमा १०२३५ जना छन । यो सर्वेक्षणले प्रजनन र आर्थिक आयआर्जनमा संलग्न हुन सक्ने जनसंख्या उल्लेखनीय भएको देखिन्छ । यो संख्या भनेको प्रतिशतमा ४७ प्रतिशत हो । झण्डै आधा जनसंख्या आर्थिक उपार्जनमा संलग्न हुन सक्नु यस पालिकाको लागी सकारात्मक कुरा हो ।

१३. मातृ भाषाका आधारमा जनसंख्याको बिवरण २०६८ :

| वडा नं | मातृभाषा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ९५ | १०२ | १९७ | ७.६८ |
| | तामाङ | ५९ | ५३ | ११२ | ४.३७ |
| | मगर | १६ | १६ | ३२ | १.२५ |
| | गुरुङ | १२ | ७ | १९ | ०.७४ |
| | ह्योल्मो | १११८ | १०६५ | २१८३ | ८५.१४ |
| | अन्य | ६ | १५ | २१ | ०.८२ |
| | जम्मा | १३०६ | १२५८ | २५६४ | १०० |
| २ | नेपाली | ६६७ | ६०१ | १२६८ | ४२.९८ |
| | तामाङ | ४५० | ४१३ | ८६३ | २९.२५ |
| | ह्योल्मो | ३७७ | ४१५ | ७९२ | २६.८५ |
| | अन्य | १२ | १५ | २६ | ०.९५ |
| | जम्मा | १५०६ | १४४४ | २९५० | १०० |
| ३ | नेपाली | ५१३ | ४५८ | ९७१ | ५०.३९ |
| | तामाङ | २७९ | ३०६ | ५८५ | ३०.३६ |
| | ह्योल्मो | १०७ | ९९ | २०६ | १०.६९ |
| | नेवार | ७१ | ८१ | १५२ | ७.८९ |
| | अन्य | ५ | ८ | १३ | ०.६७ |
| | जम्मा | १५२४ | १४२८ | २९५२ | १०० |
| ४,५ | नेपाली | ६२३ | ५४७ | ११७० | २४.१६ |
| | तामाङ | १८६८ | १६७० | ३५३८ | ७३.०५ |
| | ह्योल्मो | ४० | ३० | ७० | १.४५ |
| | नेवारी | ६ | ६ | १२ | ०.२५ |
| | अन्य | २६ | २७ | ५३ | १.०९ |
| | जम्मा | २५६३ | २२८० | ४८४३ | १०० |
| ६,७ | नेपाली | ९६४ | ७६७ | १७३१ | ३२.१३ |
| | तामाङ | १६७२ | १७०९ | ३३८१ | ६२.७६ |
| | ह्योल्मो | ३ | ३ | ६ | ०.०६ |
| | नेवारी | १९ | १६ | ३५ | ०.६५ |
| | मैथली | ४ | ९ | १३ | ०.२४ |
| | गुरुङ | १७ | ९ | २६ | ०.६५ |
| | शेर्पा | ६५ | ९९ | १६४ | ३.०४ |
| | उल्लेख नभएको | ८ | ८ | १६ | ०.३० |
| | अन्य | | ३ | ३ | ०.०६ |
| | जम्मा | २७५७ | २६३० | ५३८७ | १०० |
| | | | | | |

हेलम्बु गाउँपालिकामा बसोवास गर्ने जनताले बोल्ने भाषामा पहिलो भाषा भनेको तामाङ भाषा हो । यो भाषा बोल्नेहरुको संख्या ८४४९ जना रहेको छ । यो भनेको ४७.८१ प्रतिशत हो । त्यस्तै दोश्रो भाषा भनेको नेपाली हो, यो भाषा बोल्नेहरुको संख्या ५३३७ अर्थात ३०.२० प्रतिशत रहेको छ । ह्योल्मो भाषा बोल्नेको संख्या ३२८७ रहेको छ, यो भनेको १८.६० प्रतिशत हो ।

भाषाका आधारमा जनसंख्या हे.गा.पा. सर्वेक्षण २०७५

| वडा नं | मातृभाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ह्योल्मो | ६८५ | ९७.९९ |
| | नेपाली | १४ | २.०१ |
| | जम्मा | ६९९ | १०० |
| २ | नेपाली | २२६ | ३२.१० |
| | तामाङ | १६५ | २३.४३ |
| | ह्योल्मो | ३१३ | ४४.४६ |
| | जम्मा | ७०४ | १०० |
| ३ | नेपाली | २४० | ४८.९७ |
| | तामाङ | १४५ | २९.५९ |
| | ह्योल्मो | ६२ | १२.६५ |
| | नेवारी | ४३ | ८.७७ |
| | जम्मा | ४९० | १०० |
| ४ | नेपाली | २३७ | ४५.२२ |
| | तामाङ | २८१ | ५३.६२ |
| | नेवारी | ६ | १.१४ |
| | जम्मा | ५२४ | १०० |
| ५ | तामाङ | ५०८ | ९७.१३ |
| | नेवारी | १५ | २.८७ |
| | जम्मा | ५२३ | १०० |
| ६ | तामाङ | ४७६ | ६६.४८ |
| | नेपाली | २०९ | २९.१८ |
| | ह्योल्मो | ३१ | ४.३२ |
| | जम्मा | ७१६ | १०० |
| ७ | तामाङ | २९१ | ४६.३३ |
| | नेपाली | ३०८ | ४९.४० |
| | ह्योल्मो | २९ | ४.६१ |
| | जम्मा | ६२८ | १०० |
| | | ४२८४ | |

२०७५मा हेलम्बु गाउँपालिका भित्र कति परिवारले के के धर्म मान्छन भनेर गरीएको अध्ययनले पनि तामाङ भाषा बोल्ने परिवार बढि भएको देखिन्छ। यो पालिकामा १८६६ परिवारले तामाङ भाषा बोल्छन भने १२३४ परिवारले नेपाली र १०६० परिवारले ह्योल्मो भाषा बोल्ने गरेको पाइएको छ। यो भनेको प्रतिशतमा क्रमश ४३.५५,२८.८० र २४.७४ हो। पारीवारीक रुपमा गरीएको अध्ययनले पनि तामाङ भाषी पहिलो, दोश्रोमा नेपाली र तेश्रो भाषिमा ह्योल्मो भाषा पर्न आउँछ।

१४. धर्मका आधारमा जनसंख्याको बिवरण हे.गा.पा. २०७५ :

| क.स | धर्म | २०७५ गा.पा.सर्वे | प्रतिशत |
|---|---|---|---|
| १ | हिंदु | १४ | २.०० |
| | बौद | ६८५ | ९८.०० |
| | जम्मा | ६९९ | १०० |

| क.स | धर्म | २०७५ गा.पा.सर्वे | प्रतिशत |
|---|---|---|---|
| २ | हिंदु | २२३ | ३१.६७ |
| | बौद | ४६२ | ६५.६२ |
| | क्रिश्चियन | १९ | २.६ |
| | जम्मा | ७०४ | १०० |
| ३ | हिन्दु | ३०८ | ६२.८५ |
| | बौद | १८२ | ३७.१४ |
| | जम्मा | ४८० | १०० |
| ४ | हिन्दु | २३८ | ४५.४१ |
| | बौद्द | २८७ | ५२.८६ |
| | इसाइ | ९ | १.७१ |
| | जम्मा | ५२४ | १०० |
| ५ | हिन्दु | ४ | ०.७६ |
| | बौद्द | ४९० | ९३.६९ |
| | इश्लाम | २९ | ५.५४ |
| | जम्मा | ५२३ | १०० |
| ६ | हिन्दु | २०९ | २९.१८ |
| | बौद्द | ५०७ | ७०.८१ |
| | जम्मा | ७१६ | १०० |
| ७ | हिन्दु | २४० | ३८.२१ |
| | बौद्द | ३८८ | ६१.७८ |
| | जम्मा | ६२८ | १०० |
| | कुल गा.पा.को धार्मिक संख्या | | |
| | हिन्दु | १२३६ | २८.८५ |
| | बौद्द | २९९१ | ६९.८१ |
| | इसाइ | ३८ | ०.८८ |
| | क्रिश्चियन | १९ | ०.४४ |
| | जम्मा | ४२८४ | १०० |

हेलम्बु गाउँपालिकामा बौद्द धर्मालम्बीहरु अत्यधिक रुपमा रहेका छन । ७० प्रतिशत बौद्द २९ प्रतिशत हिन्दु र बाँकी अरु रहेको कुरा हेलम्बु गाउँपालिकाले २०७५मा गरेको सर्वेक्षणले पुष्टि गरेको छ ।

१५. जातीयताको आधारमा २०६८ जनसंख्याको बिवरण :

| वडा | जातजाती | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राम्हण | १० | १७ | २७ | १.०५ |
| | क्षेत्री | ११ | १३ | २४ | ०.९४ |
| | मगर | ५२ | ५६ | १०८ | ४.२१ |
| | तामाङ | ५१ | ४८ | ९९ | ३.८६ |
| | कामी | २८ | २२ | ५० | १.९५ |
| | गुरुङ | १२ | ७ | १९ | ०.७४ |
| | शेर्पा | ६ | ८ | १४ | ०.५५ |
| | सुनार | ९ | १० | १९ | ०.७४ |
| | ह्योल्मो | ११२२ | १०६८ | २१९० | ८५.४१ |


| | | | | | |
|---|---|---|---|---|---|
| | अन्य | ५ | ४ | १४ | ०.५५ |
| | जम्मा | १३०६ | १२५८ | २५६४ | १०० |
| २ | ब्राम्हण | १५१ | १३६ | २८७ | ९.७३ |
| | क्षेत्री | १०९ | १०० | २०९ | ७.०८ |
| | मगर | ९ | ५ | १४ | ०.४७ |
| | तामाङ | ४५६ | ४१३ | ८६९ | २९.४६ |
| | नेवार | ४ | ९ | १३ | ०.४४ |
| | कामी | १३४ | १२२ | २५६ | ८.६८ |
| | दमाइ | ८ | ६ | १४ | ०.४७ |
| | सन्यासी दशनामी | २२० | २०९ | २२९ | १४.५४ |
| | घर्ति | २९ | २० | ४९ | १.६६ |
| | ह्योल्मो | ३७६ | ४१४ | ७९० | २६.७८ |
| | अन्य | १० | १० | २० | ०.६८ |
| | जम्मा | १५०६ | १४४४ | २९५० | १०० |
| ३ | क्षेत्री | १६० | १७८ | ३३८ | १७.५४ |
| | तामाङ | २७४ | २९६ | ५७० | २९.५८ |
| | नेवार | ७२ | ८३ | १५५ | ८.०४ |
| | कामी | ३२ | १८ | ५० | २.५९ |
| | दमाइ | १७ | ९ | २६ | १.३५ |
| | सार्कि | १८ | २३ | ४१ | २.१३ |
| | सन्यासी दशनामी | २६७ | २११ | ४७८ | २४.८१ |
| | घर्ति | १२ | १२ | २४ | १.२५ |
| | ह्योल्मो | १०७ | १०२ | २०९ | १०.८५ |
| | घले | ९ | १३ | २२ | १.१४ |
| | अन्य | ७ | ७ | १४ | ०.७३ |
| | जम्मा | ९७५ | ९५२ | १९२७ | १०० |
| ४,५ | ब्राम्हण | ३९५ | ३५१ | ७४६ | १५.४० |
| | क्षेत्री | ८८ | ६२ | १५० | ३.० |
| | नेवार | २५ | २४ | ४९ | १.०१ |
| | तामाङ | १७६२ | १५९८ | ३३६० | ६९.३९ |
| | कामी | ७५ | ६४ | १३९ | २.८७ |
| | दमाइ | १० | १८ | २८ | ०.५८ |
| | सन्यासी दशनामी | ४ | ८ | १२ | ०.२५ |
| | ह्योल्मो | ४२ | ३० | ७२ | १.४९ |
| | अन्य | ३५ | ३१ | ६६ | १.३६ |
| | बिदेसी | १२७ | ९४ | २२१ | ४.५६ |
| | जम्मा | २५६३ | २२८० | ४८४३ | १०० |
| ६,७ | ब्राम्हण | १९३ | १४२ | ३३५ | ६.२२ |
| | क्षेत्री | ५७३ | ४४८ | १०२१ | १८.९५ |
| | नेवार | १९ | १६ | ३५ | ०.६५ |
| | तामाङ | १६८० | १७२० | ३४०० | ६३.११ |
| | कामी | ६६ | ५४ | १२० | २.२३ |
| | दमाइ | ४१ | ३९ | ८० | १.४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सन्यासी दशनामी | २५ | २४ | ४९ | ०.९१ |
| | ह्योल्मो | १० | ७ | १७ | ०.३२ |
| | शेर्पा | ७१ | १०४ | १७५ | ३.२५ |
| | घर्ति | २९ | २७ | ५६ | १०४ |
| | गुरुङ | १७ | ९ | २६ | ०.४८ |
| | नेवार | १९ | १६ | ३५ | ०.६५ |
| | अन्य | ७ | १५ | २२ | ०.४१ |
| | जम्मा | २७५७ | २६३० | ५३८७ | १०० |

२०६८को जनगणना अनुसार ब्रहमण १३९५ क्षेत्री १७४२, तामाङ ८५९८ र ह्योल्मोहरुको संख्या ३२६१ रहेको पाइयो । प्रतिशतमा हेर्दा कमश ७.८९ प्रतिशत ९.८५ प्रतिशत ४८.३१ प्रतिशत र १८.४५ प्रतिशत मात्र हुन आउँछ । यहाँ दशनामी कामी दमाइ सार्की मगर गरुङ लगायतका जातीहरुको संख्या यहाँ सामेल गरीएको छैन ।

जातिय बिवरण हे.गा.पा.सर्वेक्षण २०७५ :

| वडा | ब्रामण क्षेत्री | सन्यासी | जनजाती | दलित | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ११ | - | ६६८ | २० | - | ६९९ | १६.३१ |
| २ | १२० | ७७ | ४६५ | ४२ | - | ७०४ | १६.४३ |
| ३ | २२२ | - | २४६ | २२ | - | ४९० | ११.४३ |
| ४ | १९२ | - | २७८ | ४१ | ४ | ५२४ | १२.२३ |
| ५ | - | - | ५०८ | - | १५ | ५२३ | १२.२० |
| ६ | १७४ | - | ५०५ | ३७ | - | ७१६- | १६.७१ |
| ७ | ८७ | | ३९४ | ४९ | १४७ | ६२८ | १४.६५ |
| जम्मा | ८०६ | ७७ | ३०६४ | २११ | १६६ | ४२८४ | १०० |




हेलम्बु गाउँपालिकाले गरेको सर्वेक्षणमा कुन वडामा कुन कुन जातीका मानिसहरु के कति संख्यामा बसोवास गर्छन भन्ने कुराको अध्ययन गरेको थियो ,। उक्त अध्ययनमा निम्नानुसारको बसोवास रहेको पाइयो । यसमा ८०६ परिवार क्षेत्री ब्रम्हण, ७७ सन्यासि, ३०६४ जनजाती, २११ दलित र अन्य १६६ रहेको छ । यसमा सवै भन्दा धेरै जनसंख्या वडा नं ६, २ र १ मा बसोवास गर्छन । सवै भन्दा कम जनसंख्या वडा नं ३ मा रहेको पाइयो ।

२० : छानाको प्रकारको आधारमा घरधुरी बिवरण २०६८

| वडा नं | खरपराल | जस्ता पाता | ढुँगा टायल | आर.सी.सी. | काठ | हिलो माटो | अन्य | नखुलेको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३ | ५९० | १९ | ११ | १० | १ | - | २ | ६५६ |
| २ | ९ | ६४२ | ४७ | ८ | - | - | ५२ | ६ | ७६४ |
| ३ | २४ | ३७१ | ८६ | ३ | - | - | - | ५ | ४८९ |
| ४,५ | ४२ | ९३४ | ८ | ३१ | १ | - | - | - | १०१६ |
| ६,७ | २८ | १२२३ | ४ | ५ | १ | - | - | ९ | १२७० |
| | १२६ | ३७६० | १६४ | ५८ | १२ | १ | ५२ | २२ | ४१९५ |

२०६८ सालको जनगणना अनुसार सबै भन्दा धेरै ३७६० वटा घरमा जस्ताले छाएको थिए भने १६४ घरमा ढुँगाको छानो थियो । १२६ वटा घरमा खर पारालले छाएको र ५८ वटा घरहरु मात्र आर.सी.सी थियो ।





यो तथ्याँक भुकम्प भन्दा अधिको भएकाले यसमा पुरै परिवर्तन भएर जस्ताको छानो र आर सी.सी.घरहरु मात्र बनेका छन । अहिले अधिकाशं घरहरु निर्माण चरणमा भएकाले यसमा भएकोले तथ्याँक एकिन हुन सक्ने अवस्था भने छैन ।

१८ : अपाँगताको आधारमा जनसंख्या बिवरण २०६८ :


| वडा | शारीरिक अपाँग | कम आँखा देख्ने | पुरै कान नसुन्ने | पुरा आँखा नदेख्ने | बोलाइमा अपाँगता | मानशिक अपाँगता | बौद्दिक अपाँगता | बहुअपाँगता |
|---|---|---|---|---|---|---|---|---|
| १ | २६ | ८ | ३ | १ | ६ | २ | १ | ० |
| २ | ३९ | ९ | ९ | ० | ८ | ४ | १ | ५ |
| ३ | ८ | ६ | ९ | ० | ५ | ३ | ० | ३ |
| ४,५ | १७ | १३ | ८ | ३ | ९ | ३ | १ | ४ |
| ६,७ | ४७ | १८ | १२ | ० | २१ | ६ | २ | ० |
| | १३७ | ४६ | ४१ | ४ | ४९ | १८ | ५ | १२ |

२०६८को जनगणना अनुसार सवै भन्दा धेरै शारीरिक अपाँगहरु रहेको पाइयो । दोश्रो बोलाइमा अपाँगता, तेश्रो कम आँखा देख्ने र चौथोमा कम कान सुन्नेको संख्या देखियो ।




२१. स्वामित्वको अबस्था हे.गा.पा.सर्वेक्षण ०७५


| वडा | निजी | मोहियानी | गुठी | सार्वजनिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५०४ | ५८ | १३७ | - | ६९९ |
| २ | ६६७ | १० | २६ | - | ७०३ |
| ३ | ४५० | - | ४० | - | ४९० |
| ४ | ४७३ | २५ | २० | - | ५१८ |
| ५ | ३९९ | ९८ | २० | ६ | ५२३ |
| ६ | ६३९ | ४७ | ३० | - | ७१६ |
| ७ | ६२८ | - | - | - | ६२८ |




जग्गामा रहेको स्वामिवलाइ हेर्दा अधिकाशं मानिसहरुको जग्गामा स्वामित्व भएको देखिन्छ। वडा नं १ मा १३७ जनाले गुठी जग्गा कमाएका छन भने ५८ जनाले अरु व्यक्तिको जग्गा कमाएका छन। बाकीको जग्गामा निजी वा आफ्नै स्वामित्व रहेको छ।

२३. इन्धनको आधारमा घरपरिवार सम्वन्धि बिवरण २०६८ :


| वडा | दाउरा | मटीतेल | एल.पी ग्याँस | बायो ग्याँस | बिजुली | नखुलेका | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६४३ | २ | ९ | - | १ | ७ | - | ६५६ |
| २ | ७५२ | १ | ४ | ३ | - | | - | ७६४ |
| ३ | ४७८ | २ | ४ | २ | १ | २ | - | ४८९ |
| ४,५ | ९५८ | ४ | ५२ | ४ | - | ५ | १ | १०२४ |
| ६,७ | १२२४ | ७ | १३ | १७ | ९ | ९ | - | १२७० |
| जम्मा | ४०५५ | १६ | ८२ | २६ | ११ | २३ | १ | ४२०३ |



२०६८को जनगणना अनुसार ९६.४७ प्रतिशत घरपरिवारले दाउराको प्रयोग गर्छन। १.९५ प्रतिशतले एल.पी. ग्याँस, ०.६१ प्रतिशतले बायो ग्याँसको प्रयोग गर्छन।

२२. खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्वन्धि बिवरण २०६८ :

| वडा | पाइप | धारा | टुवेल | ह्याण्ड पम्प | कुवा | धारो | नदी | अन्य | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५६५ | २५८ | - | - | २ | ३८७ | ८ | - | १ |
| २ | ७६४ | २९२ | - | - | - | - | - | - | ३ |
| ३ | ४८९ | ४८४ | - | - | - | - | - | - | ३ |
| ४,५ | १०२४ | ९३८ | - | ३ | १ | ७७ | - | - | ५ |
| ६,७ | १२७० | ८७० | - | २ | १२ | ३४१ | ३८ | - | ७ |





२०६८ को जनगणाना अनुसार धारो बिना पाइपको पानी खाने १२७० पक्कि धारोको पानी खाने ८७० र परम्पारागत धारोको पानी खाने ३४१ रहेका छन।

खानेपानी श्रोतको आधारमा परिवार संख्या बिवरण गा.पा सर्वेक्षण २०७५

| वडा नं | पक्कि | पाइप | खुल्ला |
|---|---|---|---|
| १ | २३१ | ४०९ | ५९ |
| २ | २८९ | ३८७ | ४० |
| ३ | ७९ | ३९८ | १३ |
| ४ | १०८ | ४०३ | ३ |
| ५ | ३६७ | १७६ | १० |


| | | | |
|---|---|---|---|
| ६ | ४२२ | २९२ | २ |
| ७ | ३१८ | ३१० | - |
| जम्मा | १७८१ | २३७५ | १२७ |




२०७५ सालमा गाउँपालिकाले गरेको सर्वेक्षण अनुसार पक्कि धारोको पानी खानेको संख्या १७८१ रहेको छ। पाइपको मात्र प्रयोग गरेर पानी खानेको संख्या २३७५ र खल्ला श्रोतको पानी पिउनेको संख्या १२७ रहेको पाइयो।

२३. सेवा सुबिधाको प्रयोगको अवस्था जनगणना २०६८


| गाबिस | जम्मा | सुबिधा नभएको | एक मात्र सुबिधा | रेडियो | टिभी | केबुल टिभी | कम्प्युटर | नेट | टेलिफोन | मोवाइल | मो.सा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हेलम्वु | ६५६ | ९३ | ५५३ | ४३० | ३२९ | ४ | ३ | १ | १५ | ३३४ | ० |
| इचोक | १२७० | २६० | ९५५ | ६७३ | २७३ | २३ | ८ | २ | २ | ८०० | ११ |
| किउल | ७६४ | ११६ | ६४२ | ५२८ | १६७ | ११ | ५ | ३ | ० | ४७५ | ३ |
| महाँकाल | १०२४ | ८९० | ७३१ | २७५ | १४८ | १४८ | ७ | ३ | ३ | ६३८ | १९ |
| पाल्चोक | ४८९ | ६३ | ४२४ | ३३१ | २१३ | १७ | ४ | ३ | ९ | ३०९ | ५ |
| जम्मा | ४२०३ | १४२२ | ३३०५ | २२३७ | ११३० | २०३ | २७ | १२ | २९ | २२५६ | ३८ |




२०६८ को जनगणना अनुसार कुनै पनि सुबिधाको प्रयोग नगर्ने घर धुरी संख्या १४२२ रहेको छ। एक मात्र सुबिधाको प्रयोग गर्नेको संख्या ३३०५ र कम्प्युटरको प्रयोग २७ नेटको प्रयोग गर्ने जम्मा १२ मात्र रहेको छ। ४२०३ परिवार मध्य ११३० घर परिवारले मात्र टिभी हेर्छन। यो तथ्याँक अनुसार यहाँका ३३.८३ प्रतिशत परिवार सवै खाले सुबिधा बाट बञ्चित छन।

२४. बत्तिको सेवा सुबिधाका आधारमा घरपरिवार सम्वन्धि बिवरण २०६८ :


| | बिजुली | मटितेल | बायो ग्याँस | सोलार | अन्य | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६१९ | ३५ | - | १ | - | १ | ६५६ |
| २ | ६०३ | १४८ | - | ९ | - | ४ | ७६४ |
| ३ | ३५८ | १२९ | - | - | - | २ | ४८९ |
| ४,५ | ५४३ | १२० | - | २५५ | १०१ | ५ | १०२४ |
| ६,७ | ७६४ | ६०३ | १४८ | - | ९ | ४ | १२७० |
| जम्मा | २८८७ | १०३५ | १४८ | २६५ | ११० | १६ | ४२०३ |





जनगणना २०६८ अनुसार ६८.६८ प्रतिशत घरपरिवारले बिजुली बत्तिको प्रयोग गर्छन भने २४.६२ प्रतिशतले महिटतेलको प्रयोग गर्छन।

२५. शौचालयको बिवरण हे.गा.पा.सर्वेक्षण २०७५

| वडा नं | पक्कि | कच्चि |
|---|---|---|
| १ | ४५९ | २४० |
| २ | ५९३ | १११ |
| ३ | ४८० | १० |
| ४ | ४५८ | ६६ |
| ५ | ४३० | ९३ |
| ६ | ११२ | ६०४ |
| ७ | ५४२ | ८६ |
| जम्मा | ३०७४ | १२१० |









गाउँपालिकाले २०७५ मा गरेको सर्वेक्षण अनुसार १२१० वटा शौचालयहरु कच्चि छन भने ३०७४ वटा शौचालयहरु पक्कि छन । नयाँ बन्ने सवै घरहरुमा शौचालयको निर्माण भएकाले एक घर एक पक्कि शौचालय बन्ने अवस्था देखिएको छ ।

## २६. शौचालय प्रयोगको आधारमा घरपरिवारको बिवरण २०६८ :

| वडा | शौचालय नभएको | सेफ्टी टंकी भएको | साधारण | नखुलेको | जम्मा |
|---|---|---|---|---|---|
| १ | १३४ | ४४ | ४७७ | १ | ६५६ |
| २ | ८८ | ७३ | ५९९ | ४ | ७६४ |
| ३ | १९४ | ८४ | २३७ | ५ | ४८९ |
| ४,५ | ३२८ | ३१४ | २३७ | ५ | १०२४ |
| ६,७ | ४०० | २०७ | ६५४ | ९ | १२७० |
| जम्मा | ११४४ | ७२२ | २२०४ | २४ | ४२०३ |




२०६८ को जनगणना अनुसार ४२०३ घरहरु मध्य ११४४ वटा घरमा शौचालय बनेका थिएनन । २२०४ वटामा साधारण र ७२२ मा सेफटी टंकी मात्र भएका शौचालयहरु थिए ।

२७. मौसमी बसाइ सराइको अवस्था हे.गा.पा.सर्वेक्षण २०७५ :

| वडा | बसाइ सराइ | | | |
|---|---|---|---|---|
| | स्वदेश | भारत | खाडी | युरोप लगायत |
| १ | १७७६ | २२३ | १०९ | २५१ |
| २ | ४९३ | ३१ | १५३ | ७८ |
| ३ | - | १६ | ८६ | - |
| ४ | | १२ | ७६ | ३१ |
| ५ | २४५ | ५० | ३६३ | ८५ |
| ६ | - | २०५ | १७१ | २० |
| ७ | ५० | ४२ | ९७ | २१ |




अमेरीका लगायतको युरोपियन मुलुकहरुमा जानेको संख्या सवै भन्दा धेरै २५१ र त्यस पछि वडा नं ५ मा ८५ जना देखिएका छन । वडा नं २ मा ७८ जना रहेका छन । युरोपियन मुलुकमा जानेको यो संख्याले यहाँका मानिसको पहुँच टाढा सम्म छ भन्ने देखिन्छ ।

२८. पशुपक्षि पालनको अवस्था हे.गा.पा.सर्वेक्षण २०७५


| | पसु पक्षि बार्षिक आम्दामी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा | गाई | कमाइ | भैसी | कमाइ | बाखा | कमाइ | कुखुरा | कमाइ |
| १ | ५० | १९०,००० | ११६ | ३४८०,००० | १२४ | १२०,००० | २५६ | ४५,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ५८ | ११६,००० | ३१९ | ४५७०,००० | ७२५ | ३१०,००० | २००३ | १००,००० |
| ३ | १०२ | २४०,००० | ३१७ | ४५१०,००० | ९४४ | ४७२,००० | २५४ | २५०,००० |
| ४ | १५० | ४५०,००० | २२३ | १६१०,००० | ५८० | १९५,००० | ८५६ | १२५,००० |
| ५ | १६० | ४८०००० | १८५ | ९२५००० | ५९० | १८०,००० | ९९० | ४००००० |
| ६ | २७४ | ३२०००० | ४४२ | २०३३,००० | १३१६ | १८३०००० | ११७२ | २००००० |
| ७ | २२३ | ४४५००० | ४६७ | २३३५००० | १२२४ | ९००००० | ३९१० | २३५००० |
| | १०१७ | ६,२४६,००० | २०६९ | १९४,६३०,००० | ५,५०३ | ४००७,००० | २७४४१ | १३५५,००० |

यो गाउँपालिकाको वडा नं १ भन्दा बाह्यक सवै वडामा पसुपालनको अवस्था राम्रो रहेको पाइन्छ। वडा नं १ मा मानिसहरु रोजगारीका लागि धेरै मानिसहरु बाहिर जाने भएर दुग्ध बिकी बितरणको अवस्था कम्जोर भएकाले हो वा अन्य कुनै कारणबस भन्ने कुराको अध्ययन आवश्यक देखिएको छ।

२८ . खाद्यान्न आत्मनिर्भरताको अवस्था हे.गा.पा. सर्वेक्षण २०७५

| वडा | खाध्यान्न आपुर्ति | | | | | |
|---|---|---|---|---|---|---|
| | कमाइ नै नहुने | ३ म | ६ म | ९ म | १२ म | बिकि गर्ने |
| १ | ८१ | १७८ | १६३ | ९७ | १८० | |
| २ | ६६ | ३४५ | १५६ | ३२ | ७९ | २७ |
| ३ | ७५ | १४१ | २१३ | २२ | ६८ | २० |
| ४ | ८ | १५९ | १२७ | ४४ | १३२ | ५४ |
| ५ | | १९७ | १०२ | ८० | ९६ | ४८ |
| ६ | ११८ | १६० | १९३ | ८७ | १४८ | ४४ |
| ७ | ४८ | ३६९ | ६३ | | १२१ | २४ |
| जम्मा | २३० | १५४९ | ७६१ | ३६२ | ८७७ | ९९ |




गाउँपालिकाले गरेको घर धुरी सर्वेक्षणमा प्रत्यक परिवारलाइ आफनै खेतीको कमाइका बारेमा प्रश्न गरीएको थियो। त्यसमा कमाइ नै नहुने, तीन महिना ६ महिना, ९ महिना १२ महिना सम्म खान पुग्ने र आफ्नोको कमाइ खाएर बिकी समेत गर्न सक्ने परिवारको बिवरण तयार पार्ने काम गरेको छ। यो सर्वेक्षण अनुसार


२९. शिक्षाको अवस्था राष्ट्रिय जनगणना २०६८

| वडा नं | एस.इ.इ | | प्रमाण पत्र तह | | स्नातक | | स्नाकोत्तर | |
|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु |
| १ | २३६ | ३३ | २३५ | २९ | | १७ | १४ | ६ |
| २ | ३७ | ६९ | ३० | २८ | २ | ११ | १ | १ |
| ३ | १६ | ३८ | १६ | २५ | १ | ३ | १ | ५ |
| ४,५ | २० | ७२ | १३ | ५९ | ३ | १९ | ० | २० |
| ६,७ | ५१ | ४६ | ४३ | ५७ | ७ | १२ | ० | ६ |


३०. शिक्षाको अवस्था अध्ययन हे.गा.पा. २०७५

| शिक्षा | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निरक्षर | | | अण्डर एस.इ.इ | | एस.इ.इ | | प्रमाण पत्र | | स्नातक | | स्नाकोत्तर | | पढाइ अधुरो छोडने | |
| वडा | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| १ | ९६० | ७०० | ३८५ | ८२१ | २५० | ३६० | १७३ | २२५ | ४२ | ६६ | १० | १७ | २०० | १९७ |
| २ | ७०० | ५१९ | ४४० | ४३६ | १०५ | १६२ | १५५ | १९७ | ४९ | ८० | ११ | १५ | २९१ | २०५ |
| ३ | ७६ | १३१ | ४२६ | ३५१ | १२१ | १०२ | ६१ | ८४ | ४२ | २४ | ६ | १० | १११ | ८६ |
| ४ | ३६९ | १४६ | ९५५ | ४८४ | १९३ | २०३ | ८७ | ९७ | ५३ | ६८ | २९ | ५६ | | |
| ५ | ३१० | १८६ | ४६४ | ४८८ | ३३१ | २८० | ११७ | १३५ | १८ | २७ | २३ | १७ | ३४७ | ३०० |
| ६ | ४०५ | ३०१ | ६९९ | ७६८ | २८७ | ३०३ | ९५ | ९४ | ४० | ३९ | १६ | १७ | १४३ | ८२ |
| ७ | ४४६ | ३६९ | ५२१ | ३१९ | १०५ | १२० | १०५ | १३२ | ४० | ४५ | १५ | १८ | २६५ | २१७ |
| जम्मा | ३२६६ | २३५२ | ३८९० | ३६६७ | १३९२ | १५३० | ७९३ | ९६४ | २८४ | ३४९ | ११० | १५० | १३५७ | १०८७ |


**वडा नं. १**




## वडा नं. २


८००
७००
६००
५००
४००
३००
२००
१००
०
७००
५१९
४४०
४३६
१०५
१६२
१५५
१९७
४९
८०
११
१५
२९१
२०५
निरक्षर
अण्डर एस.एल.सी.
एस.इ.इ.
प्रमाणपत्र
स्नातक
स्नातकोत्तर
पढाइ अधुरो छोड्ने
महिला
पुरूष


## वडा नं. ३


४५०
४००
३५०
३००
२५०
२००
१५०
१००
५०
०
७६
१३१
४२५
३५१
१२१
१०२
६१
८४
४२
२४
६
१०
१११
८६
निरक्षर
अण्डर एस.एल.सी.
एस.इ.इ.
प्रमाणपत्र
स्नातक
स्नातकोत्तर
पढाइ अधुरो छोड्ने
महिला
पुरूष


## वडा नं. ४


१२००
१०००
८००
६००
४००
२००
०
३६९
१४६
९५५
४८४
१९२
२०३
८७
९७
५३
६८
२९
५५
०
०
निरक्षर
अण्डर एस.एल.सी.
एस.इ.इ.
प्रमाणपत्र
स्नातक
स्नातकोत्तर
पढाइ अधुरो छोड्ने
महिला
पुरूष


## वडा नं. ५


६००
५००
४००
३००
२००
१००
०
३१०
१८६
४६४
४८८
३३१
२८०
११७
१३५
१८
२८
२३
१७
३४७
३००
निरक्षर
अण्डर एस.एल.सी.
एस.इ.इ.
प्रमाणपत्र
स्नातक
स्नातकोत्तर
पढाइ अधुरो छोड्ने
महिला
पुरूष


## वडा नं. ६


९००
८००
७००
६००
५००
४००
३००
२००
१००
०
४०५
३०१
६९९
७६८
२८७
३०३
९५
९४
४०
३९
१५
१७
१४३
८२
निरक्षर
अण्डर एस.एल.सी.
एस.इ.इ.
प्रमाणपत्र
स्नातक
स्नातकोत्तर
पढाइ अधुरो छोड्ने
महिला
पुरूष

## वडा नं. ७


६००
५००
४००
३००
२००
१००
०
४४६
३६९
५२१
३१९
१०५
१२०
१०५
१३२
४०
४५
१५
१८
२६५
२१७
निरक्षर
अण्डर एस.एल.सी.
एस.इ.इ.
प्रमाणपत्र
स्नातक
स्नातकोत्तर
पढाइ अधुरो छोड्ने
महिला
पुरूष


### हेलम्बु गाउँपालिकामा शिक्षाको अवस्था




हेलम्बु गाउँपालिकाको शैक्षिक अवस्थालाइ हेर्दा ११० जना महिला र १५० जना पुरुषले स्नाकोत्तर सम्मको अध्ययन पुरा गरेका छन । स्नातक तह सम्मको अध्ययन पुरा गर्ने महिलाको संख्या २८४ र पुरुषको संख्या ३४९ रहेको छ । प्रमाण पत्र तह पुरा गर्ने महिला ७९३ र पुरुष ९६४ रहेका छन । एस एल.सी सम्मको अध्ययन पुरा गर्नेको संख्या महिला १३९२ र पुरुष १५३० रहेका छन् ।

# वडा परिचय

## वडा नं १ :




**संक्षिप्त चिनारी:** साबिकको हेलम्वु गाउँबिकास समिति बर्तमान हेलम्बु गाउपालिकाको वडा नं १ हो । यो ठाउँको नाम हेलम्बु कसरी रहन गयो भन्ने बारेमा बिभन्न कथनहरु छन । केहि मानिसहरुको भनाइमा हे भनेको आलु र लाभु भनेको मुला हो । आलु र मुलाको प्रशस्त खेती हुने ठाउँ भएकाले यो ठाउँको नाम हेलम्बु रहन गयो । हे र लाभु को उत्पादन हुने ठाउँ भएकोले हेलाभु भनिन थाल्यो । यसो भन्दा भन्दै अपभश भएर यस ठाउँको नाम हेलम्बु हुन गयो भन्ने भनाइ रहेको छ । यो गाउँलाइ पञ्चायत कालमा तार्केघ्याङगुल पञ्चायत र बहुदल पश्चात तार्केघ्याङगुल गाबिस नामाकरण गरीएको थियो । २०४९ सालको स्थानीय निर्बाचन पश्चात यसको नाम हेलम्बु गाबिस रहन गयो । राज्यको पुर्नसंरचना पछि तात्कालिन हेलम्बुलाइ , हेलम्बु गाउँ पालिकाको वडा नं १ को रुपमा संरचित गरीएको छ । सिन्धुपाल्चोकको पश्चिमी क्षेत्रमा पर्ने यो पालिका काठमाण्डौ देखि ८० कि.मि.को दुरीमा अवस्थित छ ।

**बसोवास :** यो वडामा २०६८ सालको जनगणना अनुसार ६५६ घर धुरी २५६४ कुल जनसंख्या, महिला १३०६ र पुरुष १२५८ रहेको छ । २०७५ सालको जनगणना अनुसार यस वडामा जम्मा घरधरी संख्या ६९९ र जम्मा जनसंख्या ३१४५ रहेको छ । यसमा महिला १६०५ र पुरुष १५४० रहेको पाइन्छ । यो गाउँमा अधिकाशं ह्योल्मो जातीको बसोवास रहेको छ ता पनि तामाङ, क्षेत्री र ब्रम्हमण लगायत जातीका मानिसहरुको बसोवास रहेको छ । यहाँ ९७ प्रतिशत मानिसहरु ह्योल्मो भाषा बोलछन । ९८ प्रतिशत मानिस बौद्द धर्म मान्छन ।

**मुख्य चाडबाड र जात्रा-मात्रा :**यहाँ मनाइने चाडबाडमा सोनाम ल्होसार, छिजु, नारा, गुम्वा पुजा, दशैं तिहारहरु हुन । जात्रा र मेलाहरुमा फादुङ खोलाको किनारमा डुब्चु मेला, मंसिर पुर्णिमाका दिन  लाग्छ

।,यहाँको दर्शन गर्नाले धन सम्पति र सुखशान्ति प्राप्त हुन्छ भन्ने बिश्वासका कारण मानिसहरु दर्शनका लागि जाने गरेको पाइन्छ ।

धार्मिक तथा पर्यटकिय स्थलहरु : हेलम्बु पर्यटकीय क्षेत्र हो, ह्योल्मो जातीका मानिसहरुको बसोवास, रहन सहन, संस्कृति, पर्यटकिय आकर्षणको क्षेत्रहरु हुन । यहाँ बाट बिभिन्न हिमालको दृष्यहरुको दृष्यावलोकन गर्न सकिन्छ । दोर्जे घ्याडाम तार्तुङको सिरानमा एउटा ठुलो शिला छ । यो शिलाको बिच बाट पानी झर्छ र यो पानी मंसिरको धान्य पुर्णिमाका दिन कान बन्द हुनेले खाएमा कान सुनिन्छ भन्ने भनाइ छ । यस जात्रालाइ दोर्जे फामु भनिन्छ र यो जात्रामा आन्दाजी ५०० जना जती यात्रहरु दर्शनका लागि जाने गर्छन ।

आमायाग्री पर्यटकिय स्थलहरुमा आमायाग्रीको महत्वपुर्ण स्थान रहेको छ । यहाँका मानिसहरुको भनाइमा पहिला यहाँ एउटा छोर्तेन (माने) थियो । त्यो माने रहेको ठाउँको उत्तर पुर्व दिशा तर्फ एउटा भ्यागुताको आकारको शिला छ, यसलाइ दोपाल्वा भनिन्छ । मिलारेप्पा डुब्गाङ घ्याङ यसलइ तापु सिंगी जोङ पनि भनिन्छ । यसको मतलव कोहि कसैले अपराध गरेर ढाँटछल गर्ने गरेमा उसलाइ हानी नोक्सानी हुन्छ भन्ने भनाइ छ । खर्चुङ नजिक पर्ने यो ठाउँमा एक जना भुटानीले पाप गरेकाले मुक्तिका लागि ध्यान गरेर बसेको र ध्यान गर्दा गर्दै शिलामा परिणत भएको भन्ने किम्वदन्ति रहेको छ । त्यो शिला गाइ चराउन जाने गोठालाहरुले सँधै दर्शन गर्थे । ती भुटानीको शिलाको बारेमा बुद्द धर्मालम्वीहरुको त्रिपिटकमा उल्लेख भएको स्थानीयहरुको दावी छ । यो शिला २०४७ मंसिर पुर्णिमामा हराएको र त्यो शिला प्लेनमा राखेर बिक्री गर्न लैजान खेज्दा ल्पेन नै न उडेकाले खोजी गर्दा पत्ता लागेर सम्वन्धित स्थानमा ल्याइ पुर्नस्थापना गरीएको कुरा बताउँछन स्थानीय जानिफकारहरु । यो ठाउँ भौगालिक हिसाबले निकै उच्च भागमा छ । यो ठाउँबाट काठमाण्डौको बौद्द, स्तुपा देखिन्छ र बिगतमा धराहरा समेत देखिन्थ्यो भन्छन स्थानीय मानिसहरु । आमा याँग्री भन्नाले देवीलाइ जनाउँछ । आमा याँग्री रहेको भु-भाग अहिलेको पाँचपोखरी र हेलम्बु गाउँपालिकाको सिमानामा पर्छ ।

मेलम्ची घ्याङ मेलम्ची घ्याङ, अर्को प्राकृतिक शुन्दरताले भरीपुर्ण ठाउँ हो । गुरु रिम्बुर्छे तिव्वत जाँदा मेलम्चीघ्याङमा रहेको एउटा गुफामा बास बसेको भन्ने भनाइ छ । गुफामा बास बस्दा खाण्डो साङफु अर्थात पार्वति नछुनु भइन र नुहाउनका लागि पानीको खोजी गरीन । पानी नपाए पछि उनले गुरु रिम्बुर्छे अर्थात पद्‌म सम्भव् लाइ पानी कहाँ पाइन्छ भनेर सोधिन त्यस बखत गुरु बिम्बुर्छेले त्यस ठाउँबाट उत्तर पुर्व तर्फ अन्दाजी २०० मि टाढा एउटा शिला छ त्यहाँ बाट पानी आउँछ र त्यहाँ नुहाउनु भने । उनले भने बमोजिम नै त्यहाँ गएर हेर्दा पानी भेटीयो । उनले त्यहाँ गएर नुहाइन त्यसै बेला देखि त्यहाँ रातो पानी बग्न थाल्यो भन्ने भनाइ छ र अहिले पनि पानी रातो नै देखिन्छ ।

गुफाको सिरानमा चन्द्र र सुर्यको आकृति रहेको छ यो गुफा भित्र अर्थात खाण्डो साँङफु (पार्वती) बसेको ठाउँमा बिहानको घामको किरणमा धर्मात्मीले हेर्दा भगवान देखिन्छ र पापील हेर्दा शिला मात्र देखिन्छ भन्ने बिश्वास छ ।

हेलम्बुको अन्य पर्यटकीय स्थलहरुमा नाकोते, तार्केघ्याङ, चुरी घ्याङ, निगाले, मेलम्ची खानेपानीको मुहान, अम्बाथानको छाँगो, ट्राउट माछा फारामहरु आदी यहँका पर्यटकीय स्थलहरु हुन ।

चिरी गुम्वा अर्को एक पर्यटकीय स्थल हो यो तार्के घ्याङको मुनी रहेको छ । पदमा सम्भव्ले एउटा धुपिको लौरो, सेतो ढुँगा र घण्ट संखको पोका तिव्वत बाट फयाकेका थिए । त्यो पोका जहाँ पुगेर रेकिन्छ त्यहि ठाउँ बाट धर्म प्रचार गर्ने उद्येश्य रहेकाले उनी त्यो पोका कहाँ पुग्यो भनि खोज्दै आएका थिए । त्यो पोका खोज्न आउँदा मेलम्ची दोभान, तालामाराङ, तिम्बु हुँदै आएका थिए । आउँदा मेलम्चीमा बास बसेको भन्ने भनाइ छ । खोज्दै आउदा नभेटे पछि उनी त्यो रात च्युरी गुम्बा भन्दा २०० मि उत्तर तर्फ जंगलमा बास बसेका थिए । त्यस बखत सुतेका बेला सपनामा आमा याँग्री देवीले त्यो सामान भएको ठाउँ बताइन सोहि अनुसार खोज्दै जाँदा अहिलेको चुरी गुम्बा भएको ठाउँमा फेला पर्‍यो । त्यस पछि त्यँहि बाट धर्म प्रचारको काम शुरु गरेको भन्ने किम्ब दन्ति रहेको छ ।

तार्केघ्याङ तार्केघ्याङ पाकृतिक शौन्दर्यताले भरीपुर्ण छ । यो ठाउँ वरी परि जंगलले घरेको बिचको समथर भुभागमा पर्दछ । यहाँ बाट अन्दाजी ३ घण्टा उकालो चढे पछि आमायाँग्री पुग्न सकिन्छ । आमायाँग्रीका कारण यहाँको धार्मिक पर्यटकीय महत्व रहेको पाइन्छ । अर्को पर्यटकीय स्थल घ्याँगुल हो शेर्माथाङ र तार्केघ्याङ बिचमा पर्ने यो ठाउँ आलु र मुलाका लागि प्रख्यात छ । त्यहाँ पाइने मुला गाण्टे मुला हो । यो मुला स्थानीय जातको मुला हो । यो निकै स्वादिलो हुन्छ । आलु लाम्चो र बिचमा सानो वा छिनेको आकारका हुन्छन । यी आलु र मुलाहरु बिस्तारै लोप हुँदै गएको छ । यसको बिकासे जातका बिउहरु लगाउने चलन बढेको छ ।

भु-उपयोगको अवस्था : यहाँको बर्तमान भुउपयोगको अवस्थालाइ हेर्दा यहाँको जमिनको उपयोग खाध्यबाली, आलु मुला,करु स्याउ, अलैंची, क्वी जस्ता खेतीपातीहरुमा भैरहेको छ । सरकारी तथा निजी बनहरु रहेका छन । ती बनहरुमा जंगलमा पाइने रुखहरुमा सल्लो,उत्तिस धुपी, बाँझ, खस्रु धुपि सल्लो, चिलाउने पाइन्छ । यहाँ पाइने बन्य जन्तुहरुमा चितुवा घोरल, बाघ, भालु, मृग, कस्तुरी, बदेल, हिम चितुवा, पसु पक्षिमा डाँफे,मयुर,कालिज, पाइन्छ ।

सुकुम्वासीको अवस्थाः हेलम्बु गाउँपालिका ५८ घरपरिवार सुकुम्वासीहरु रहेका छन । यसमा १३२ परिवारले गुठी जग्गामा कमाइ गरीरहेका छन । यसमा महिला घरमुली १ रहेको छ । यसको अलवा यहाँका केहि बस्तिहरु बिस्थापित समेत भएका छन । २०७२ सालको भुकम्पका कारण परेको प्रभाब बाट बिस्थापित स्थानहरुमा च्युरी खर्क, ग्वागाङ कालांसे,मगार सिंङ,पुसा,कुसाङपल,च्यामेतोल, पारा, थाङसिंग, गाङ, अम्वाथान, गोदाम,सामान्वा हुँङ हुन । गुठी जग्गा बिवरण ककनी चेरेफ्रि गुठी च्यरी खर्क,गोसाइ कुण्ड गुठी,देचेनथाङ, तार्केघ्याङ लामा घ्याप्सा, गोरखनाथ, घोचेलिंङ साङा फोटास, सेती घ्याङ, पेमा छ्यालिंङ गुठी, चिरीघ्याङ गुठी, मेलम्ची घ्याङ गुठी ।

सिंचाइको अवस्थाः हेलम्वुमा हल्दे र न्हुर्पुलिंङ सिंचाइ कुलो छन । यिनीहरुले सिंचाइ हुने खेतहरुमा हल्दे र न्हुर्पु गाउँमा मात्र सिंचाइ हुन्छ । यि दुइ वटा कुलोबाट अन्जाजी ५०० रोपनीमा सिंचाइ हुन्छ भन्ने अनुमान छ ।

बाताबरण तथा सरसफाइको अवस्था :हेलम्बु गा.पा. वडा नं १ मा आवाष पुर्न निर्माणको तथ्याँक अनुसार ९०० घरधुरी रहेका छन । जस मध्य ४१६ वटा घरहरु बनि सकेको अवस्था छ । नयाँ बनेका सम्पुर्ण ४१६ वटै घरहरुमा शौचालयहरुको निर्माण सम्पन्न भै सकेको छ । यस मध्य तिम्बु बसपार्कमा एउटा मात्र सार्वजनिक शौचालय रहेको छ । हेलम्बु १ मेलम्ची घ्याङमा प्रत्यक हप्ता बिध्यार्थिहरुले गाउँको सरसफाइ गर्छन । बिभिन्न चाडबाडमा स्थानीय मानिसहरुले नै फोहरको व्यवस्थापन गर्छन । फोहर मैला जम्मा गर्ने टोकरीहरु राखएिको छ त्यसमा एउटामा कुहिने र अर्कोमा नकुहिने बस्तु राख्ने व्यवस्था छ । अन्यत्रको हकमा भने यास्तो व्यवस्था छैन ता पनि यत्र तत्र जथाभाबी फोहर गर्ने चलन छैन । घर भित्रको सरसफाइको अवस्था निकै राम्रो छ । यो ह्योल्मो जातीको संस्कार कै रुपमा बिकास भएको पाइन्छ । तिम्बु, ढोङमे, नुर्पुगाङ.धारालुङ,.लोक्पासे र.हल्दे खानेपानी योजना सञ्चालित छ ।.

कृषि तथा पसुपालनः पसुपालनमा गाइ भैंसी बाखा, गोरु, भेडा च्याँग्रा चौरी आदी पालन गरीन्छ । घरपालुवा जनावरहरुमा प्रायले कुकुर पाल्ने गर्छन । यहाँ गाउँपालिकाले २०७५मा गरेको गणना अनुसार ५० वटा गाइ, ११६ वटा भैंसी र १२४ वटा मात्र बाखा पालन गरेको देखिन्छ । पसु बिरामी हुँदा यहाँका किसानहरुले चनौटे र किउल बाट सेवा प्राप्त गर्छन । वडा नं १ मा प्राबिधिक सेवाको अभाव रहेको छ । त्यस्तै कृषिमा थोरै मात्रामा धान कोदो मकै र नगदेबालीमा अलैंची,फलफुलमा क्वी स्याउको खेती हुन्छ । तरकारी खेती व्यापारीक प्रयोजनको रुपमा हुने गरेको छैन । यहाँ बाट निकासी हुने बस्तुहरु आलु मुला, अलैंची, क्वी खेती गरीन्छ ।

खाध्यान्न उत्पादनको अवस्थाको बारेमा गा.पा.सर्वे २०७५ अनुसार यस वडामा कृषि पेशा नै नगर्नेको संख्या ८१ रहेको छ । आफनो खेती कमाइले तीन महिना मात्र खान पुग्नेको संख्या १७८ परिबार छ ।


६महिना, नौ महिना र एक वर्ष खान पुग्नेको संख्या क्रमशः१६३,परिवार,९७ परिवार र १८० परिवार रहेको पाइएको छ। त्यस्तै गरी आफुलाइ पुराएर बिक्र गर्ने परिवार भने नभएको कुरा बताएका छन।

निर्माण तथा भौतिक बिकास : मोटरबाटोको निर्माण अधिकाशं ठाउँमा सम्पन्न भएको छ । बनेका मोटरबाटोको स्थायित्वको समस्या भने रहेको छ। मोटर बाटोहरुमा १) तिम्बु-सर्कथली २) तिम्बु-दोरीङ ३) खार्चुङ- तिम्बु,-नुर्पु गाउँ,-ककनि-सेती घ्याङ -नाकोते हुँदै मेलम्ची घ्याङ पुग्ने बाटो ४) फादुङ -घाङग्युल ५) तिम्बु-फोमपाचे-ठुलो ढुँगा-तार्तुङ, हुँदै रिवर्मा पुग्ने मोटर बाटो। ६) इचोक-तार्तुङ मोटरबाटो रहेको छ। यी सडकहरुको अवस्था कम्जोर छ,। यी सवै बाटोहरु हिंउदे मोटर बाटोहरु हुन । गाउँपालिका देखि खार्चुङ वडा कार्यलय सम्मको दुरी ११. कि.मी रहेको छ। यहाँका होटलहरुमा १) तिम्बु न्यु लज एण्ड गेष्ट हाउस २) ,रिभरसाइड गेष्ट हाउस, ३) याँग्रीमा गेष्ट हाउस ४) कर्मा गेष्ट हाउस सञ्चालनमा रहेको छ । कृषि फर्महरुमा फोमपाचे अर्ग्याकि क्वीबी फर्म मात्र भएको पाइएको छ। पुलहरुमा १) घटटे खोला,२) आकाशे ३ हल्दे र तिम्बु मोटरेवल पुल छन भने झोलंगे पुलमा १) च्याक्पु, २) मेलम्ची घ्याङ, ३) तार्का तोल, ४) रिवर्मा सर्कथली ,५) फादुङ खोला, ६) तिम्बु सेन ७) च्युरी खर्क ८) चालिसे झोलंगे पुल रहेको छ।.

सामाजिक संघ संस्था : याँग्रीमा कृषि सहकारी संस्था लि,कार्यरत छ त्यस्तै सामुदायिक मेलमिलाप केन्द्रले सामुदायिक मेलमिलापको क्षेत्रमा काम गरेको छ । सामुदायिक आत्मनिर्भर केन्द्र यहाँ कृयाशिल एक संस्था हो । पाटी पौवा बिसौनीमा दोरीङ मेसा पाङगाङ मेसा,क्याङ सेङ मेसा, भेपकर मेसा,यम्वालामा मेसा,टासी थाङ, द्वार पाल मेसा,मानेगाङ मेसा, अम्बाथाङ मेसा

शैक्षिक अवस्थाः यहाँका अधिकाशं मानिसहरु रोजगारीका लागि बिभिन्न ठाउँहरुमा जाने भएकाले उनीहरुले आफना छोराछोरीको पठन पाठन पनि सोहि ठाउँमा नै गर्ने गरेको पाइएको छ । यहाँका बिध्यालयहरुमा मा.बिहरु क्रमश मेलम्चीघ्याङ, गोल्मा देवी, पेमा छोलिङ छन । आधारभुत बिध्यालयहरुमा गोरखनाथ, सर्कथली, देउराली, ककनी र घ्याङग्युल रहेका छन । यी मध्य मेलम्चीघ्याङ, र गोल्मा देवीमा बाल सञ्जाल पनि रहेको छ। यहाँको शैक्षिक अवस्था गा.पा.ले ०७५मा गरेको सर्वेक्षण अनुसार यस वडामा स्नाकोत्तर तह सम्मको पढाइ पुरा गर्नेको संख्या महिला १० र पुरुष १७ रहेको छ। त्यस्तै स्नातक तह सम्मको पढाइ पुरा गर्नेहरुमा महिला ४२ र पुरुष ६६ रहेका छन। प्रमाणपत्र तह पुरा गर्ने महिला १७३ पुरुष भने २२५ रहेको छ । यसै गरी एस.इ.इ.वा सो सरह गर्नेको संख्या महिला २५० र पुरुष ३६० रहेका छन।

## वडा नं २




संक्षिप्त चिनारीः किउल हेलम्बु गा.पा.को वडा नं २ मा पर्छ, यो साबिक किउल गाबिस हो । यसको नामाकरण तामाङ भाषा बाट रहेको पाइन्छ । तामाङ भाषामा क्यु भनेको पानी, उल भनेको गाउँ हो । पानी बढि हुने गाउ भएकाले यस ठाउँलाइ किउल भनिएको हो भन्ने भनाइ रहेको छ । यो गाउँलाइ भौगोलिक बनावटका आधारमा तीन भागमा बाँडन सकिन्छ । उच्च मध्य र तल्लो तटिय क्षेत्र । हावा पानी ९०० मि देखी २६०० मिटर सम्मको उचाइमा अवस्थित रहेको छ । माथिल्लो भेगमा हिंउ पर्छ भने तल्लो नदी तटीय क्षेत्रमा गर्मि हुन्छ । बिचको भागमा गर्मिमा र जाडो दुवै बेलामा सामान्य अवस्थाको हावापानी पाइन्छ । यस वडामा २०६८ सालको जनगणना अनुसार ७६४ घर धुरी र २५६४ कुल जनसंख्या रहेको छ । २०७५ सालमा गाउँपालिकाले गरेको सर्वेक्षण अनुसार घर धुरी संख्या ७०४ रहेको छ । यहाँको कुल जनसंख्या ३८७६ रहेको छ । यस मध्य महिला १९८५ र पुरुषको संख्या भने १८९१ रहेको छ ।

बसोवास : यहाँ बसोवास गर्ने मानिसहरुमा उच्च भागमा ह्योल्मो, बिचमा तामाङ र तल्लो भागमा बाहुन क्षेत्री सन्यासी दमै कामीको रहेको छ । यहाँ गा.पा.ले ०७५मा गरेको सवेक्षण अनुसार २९.४६प्रतिशत तामाङ र ह्योल्मो २६.७८ प्रतिशत ह्यौलमो जातिका मानिसहरुको बसोवास रहेको छ । बसाइ सराइमा बिशेष गरी मौषमी बसाइसराइ बढि छ । यसमा भारत अमेरीका जापान लागायत खाडी मुलुकहरुमा कामको शिलशिलामा गएका छन । यसको अलवा नेपालका बिभिन्न भागमा समेत बसोवास गर्ने गरेका छन ।

मुख्य चाडवाड : यहाँको मुख्य चाडवाडमा छेजु, न्हारा, सोनाम, ल्होछार, बुद्द जयन्ती,दशैं तिहार तिज,सक्रान्ति,जनै पुर्णिमा, धान्य पुर्णिमा,शिवरात्रि,न्वागी,कुसे औसी (बाबुको मुख हेर्ने) आमाको ख्वाउने औंसी, नयाँ बर्ष,अशार पन्द्र साउन पन्द्र, नाग पञ्चमी सोह्र श्राद्द,ठुलो एकादशि, फागु पर्णिमा, चैते दशैं आदी हुन ।

धार्मिक तथा पर्यटकीय स्थलहरु : :गुरु रिम्बुर्छे, बुद्द केन्द्र, मेन्ज्या बुद्द स्तुपा, ट्राउट माछा फारामहरु र शेर्माथाङ यहाँको पर्यटकीय स्थलहरु हुन । तल्लो भागमा रहेका धार्मिक स्थलहरुमा :मणिकण्ठेश्वरी मन्दिर चुरेटार, शिब मन्दिर चुरेटार, श्री राम मन्दिर, श्री राधाकृष्ण मन्दिर,श्री सातधारा,, सेती देवी मन्दिर,बुद्द स्तुपा चित्रे,गुरु रिम्बुछे, बुद्द केन्द्र आदी हुन ।

<u>शेमाथाङ</u>:: शेर्माथाङ पर्यटनका दृष्टिले निकै आकर्षक केन्द्र हो । यहाँ धरै पहिला देखि स्वदेशि तथा बिदेशि पर्यटकहरु आउने गरेका छन । शेर्पा वा ह्योल्मो जातीका मानिसहरु बसोवास गर्ने यस ठाउँमा आकर्षक गुम्वा रहेको छ भने यहाँ बाट गन्जला, जुगललगायतका हिमालका दृष्यहरुलाइ नजिक बाट देख्न सकिन्छ । शेमाथाङ इन्द्रावतीको शिर देखि तिर सम्म र मेलम्ची तथा हेलम्बुलाइ नजिक बाट नियाल्न सकिने यस ठाउँलाइ धेरैले मन पराउँछन ।

निगाले :

निगालेमा ह्योल्मो जातीका मानिसहरुको बसोवास रहेको छ । यहाँ गुरु रिम्बुर्छे र गौतम बुद्दको मुर्ति रहेको छ । यहाँबाट जुगल र गन्जला हिमालको दृष्य देखिनुका साथै पाँचपोखरीको मनोरम दृष्यहरुको अवलोकन गर्न सकिन्छ ।

कोलामा बुद्द केन्द्र

किउलको कोलामामा १०८ फिटको बुद्दको मुर्ति स्थापना भैरहेको रहेको छ । भगवान महादेब अर्थात रिम्बोर्छेको एक पाइला निगालेको सिरानमा, एक पाइला कोलामा एक पाइला हेलम्बुको ककनी र अर्को एक पाइला हेलम्बुको सर्कथली भन्दा माथि ग्वागाङमा परेको छ भन्ने बिश्वास रहँदै आएको छ । ती पाइलाहरु मध्य यो १०८ फि को बुद्द केन्द्रको स्थापना गरीएको छ ।

भु-उपयोगको अवस्था : उच्च,मध्य र तल्लो तटीय क्षेत्रहरु गरी यो गाउँलाइ पनि तीन भागमा बाँडन सकिन्छ । माथिल्लो भेगमा बन जंगलहरु छन । बिचको भागमा बन बुट्यानहरु रहेको छ । त्यस्तै तल्लो क्षेत्रमा फाँटहरु अर्थात समथर जमिनहरु रहेका छन । सामुदासयिक बन, सरकारी बन, निजी बन, कबुलियती बन र धार्मिक बन तथा राष्ट्रिय निकुञ्ज छन । सामुदायिक बनहरुमा नुर्वुलिङ सामुदायिक बन,ज्यामिरे अम्बुटार सा.ब.लामिडाँडा सामुदायिक बन,नागीडाँडा सामुदायिक बन, लालिगुराँस सामुदायिक बन, ब्रासाङ कबुलियती बन रहेको छ । बनमा पाइने काठमा उत्तिस, चिलाउने, सल्लो धुपी खसु, लालिगुराँस आदी छन । जडीबुटीमा ठुलो ओखती, पाश्ना बेद, पदम,चाल्नो, सर्पगन्धा पाइन्छ ।

बाताबरण तथा सरसफाइ : शौचालय प्रत्यक घर जहाँ पक्कि घर बनेका छन ति सवै ठाउँमा शौचालयको राम्रो व्यबस्था छ । घरको पुर्ननिर्माण सँग शौचालय बनाउने कम जारी छ । रातो किताब लिएका ९०२ घर धुरी मध्य ४९३ घर सम्पन्न भएका छन, ति सबै घरमा शौचालय बनेका छन । बाँकी घरधुरीमा अस्थाइ शौचालयहरुको ब्यवस्था छ । यो गाउँ खुला दिशा मुक्त घोषणा भएको छ । खूल्ला दिशा मुक्त घेषणा भए सँगै हाल सम्म तीन वटा सार्वजनिक शौचालयको निर्माण भएका छन । यो गाउँमा बाहिर दिशा पिसाब गरेको देखिंदैन । शेर्माथाङमा गाउँको समुदायले महिनामा दुइ दिन सफाइ गर्छन । जम्मा भएको फोहरहरु खोला, खोल्सामा फ्याक्ने गरिएको छ । यसले भने कुनै पनि बेला रोगको महामारी फैलन सक्ने सम्भावनालाइ नर्कान सकिंदैन । खानेपानीको अवस्थाको चर्चा गर्दा चुरेटार,अमिलो पँधेरे,.निगाले, खर्कडाँडा खानेपानी योजना व्यबवस्थित भएता पनि खानेपानीको मुहानको सफाइ, मर्मत सम्भार स्थाइत्वको अभाव छ ।

कृषि तथा पुसुपालन : :यहाँका अधिकाशं मानिसहरुको पेशा कृषि हो । कृषिमा खाध्य बाली, र तरकारी फलफुल र नगदे बालीमा अमेसो अलैंची खेती हुने गरेको छ । तरकारीको व्यवसायीक खेती तल्लो भेगमा केहि मानिसहरुले मात्र गर्ने गरेका छन । पसुपालनमा गाइ भैंसी गोरु बाखा, बङगुर र माछा पालन छ । यस मध्य व्यवसायकि रुपमा हुने खेती भनेको माछा पालन मात्रै हो । गा.पा ले गरेको सर्वेक्षण.०७५अनुसार पसुपालनको अवस्था हेर्दा ५८ वटा गाइ,३१९ वटा भैंसी र ७२५वटा बाखा पालेको देखिन्छ ।

घरमा पालिएका यी घरेलु पसु चौपायहरु बिमारी हुँदा उपचार हेलम्बु गाउँ पालिका स्तरको पसुसेवा कार्यलय गणेशे बगर बाट हुने गर्छ । यसको अलवा पसु भेटनरीहरु बाट पनि सेवा प्राप्त गर्ने गरीएको छ । पसु बिमाको व्यबस्था भएता पनि सिमित अर्थात १० देखि १५ प्रतिशत किसानहरुले मात्र पसु बिमा गर्ने गरेको पाइन्छ । उच्च, मध्य र तल्लो तटीय भुभाग मध्य ,तल्लो भागमा धान मकै कोदो, गहूँको खेती बढी हुन्छ । यसको अलवा तरकारी खेती पनि गर्ने गरएिको छ । यो भागमा कालो गेगर मिसिएको माटो र हावा पानी समान्यतया माथिको तुलनामा तातो हुने भएकाले उत्पादन बढि हुन्छ ।

मध्य भागमा सिंचाइको प्रयाप्त सुबिधा छैन । हल्का खुकुलो माटो भएकाले सिंचाइको व्यवस्था हुने हो भने यहाँ पनि प्रयाप्त मात्रामा कृषि उत्पादन हुन सक्ने देखिन्छ । बारीमा मकै, कोदोको खेती हुन्छ । कन्दमुलमा पिडालु, सखर खण्ड, तरुलहरुको उत्पादन यस ठाउँमा राम्रो हुन्छ । फलफुलमा कागती निबुवा, सुन्तला जुनारको खेती भएको पाइन्छ । तल्लो तटीय क्षेत्र अर्थात नदी किनारका आसपास मलिो फाँटहरु छन । यी फाँटहरुमा खाध्यबालीमा धान, गहुँ, मकै, हुन्छ भने नगदे बालीमा तोरी खेती हुन्छ । तल्लो भेग चुरेटार फाँट र किउल बगर मुख्य फाँटहरु हुन । यी ठाउँहरुमा खाध्यान्न र नगदे बालीको् अलवा तरकारी तथा फालफुलको खेती हुने गरेको छ । फलफुमा बिशेष गरी आँप, कटहर लगायतको फलफुलको उत्पादन राम्रो हुने गरेको छ । खाध्यान्नको अवस्थाको अध्ययन गर्दा पनि ६६ परिवारले कृषि पेशा नगरेको बताए । ३४५ परिवारलाइ आफ्नो कमाइले तीन महिना खान पुग्ने बताए । १५६ परिवारलाइ ६ महिना, ३२ परिवारलाइ ९ महिना र ७९ परिवारलाइ बर्षभरी खान पुग्ने देखियो । खान पुर्‍याएर बिक्री गर्ने परिवार भने २७ मात्र रहेका छन ।


निर्माण तथा भोतिक बिकास : चुरेटार समाज सेवा युवा क्लबको भवन, ढोडेनी स्वास्थ्य सेवा भवन, जय बागेश्वरी बचत तथा ऋण सहकारी, ब्रासाङ पाहुना घर, दलित सामुदायिक भवन चित्रे, मेन्ज्या निर्माण, थालो पाहुना घर, ताप्का खर्क पाहुना घर, गुरु रिम्बुर्छे सामुदायिक स्वास्थ्य भवन, शेर्माथाङ स्वास्थ्य भवन, शेर्माथाङ धर्मशाला, शेर्माथाङ पाहुना घर, गिजे पाहुना घर, ल्हासेसा पाहुना घर, ङार्कु पाहुना घर, स्याम्गेर पाहुना घर, किउल सामुदायिक साना किसान कृषि सहकारी भवन, याँग्रीमा आमा समुह भवन, सिगुन्चे पाहुना घर,कोलामा पाहुना घर, नोर्बुलिङ, किउल सामुदायिक भवन गरी जम्मा २४ वटा यस्ता सामुदायिक भवनहरु रहेका छन । सडक सञ्जाल रातोपुल देखि तिम्बु घट्टे खोला सम्म हेलम्बु राजमार्ग,रातोपुल-चुरेटार-तामाङ भिरखर्क,-निगाले सडक, गणेशे बगर-तामाङ ढोडेनी, तामाङ भिरखर्क,ज्यामिरे ब्रासाङ चित्रे कृषि सडक, कबि कुञ्ज चित्रे निगाले,गुरु रिम्बुर्छे, शेर्माथाङ सडक,मेलम्ची दुवाचौर ककनि हुँदै शेर्माथाङ सडक,तिम्बु नोर्वुलिङ सिगन्चे, छिमी, शेर्माथाङ सडक, गणेशे बगर भाङचौर, चुरेटार सडक,चुरेटार आरुबोटे सडक,नोर्बुलिङ प्रादो ल्हासेसा सडक,छिमी स्याम्ग्याल सडक, ज्यामिरे काप्रे मोटर बाटो । झोलंगे पुलको बिवरण : मुक्तिटार तारुके झो.पु, किउल चनौटे झो पु,पेवा डाँडा थापाटार झोपु रातोपुल मोटरेवल पुल,कात्तिके खोला, ठाँडो खोला,व्यापारी केन्द्र कबि कुञ्ज वडा कार्यलय देखि गाउँपालिका सम्मको दुरी १०० मि.जति रहेको छ । होटल तथा रेष्टुरेण्टमा इको रीसोर्ट, भण्डारी रेन्बो टाउाट एण्ड होटल, कर्मा लज एण्ड होटल, भण्डारी लज एण्ड होटल, कृषि फर्म बरपिपल राइस मिल,फर्निचर बैकुण्ठ फर्निचर पानी घट्ट पाँच वटा । २ वटा राइस मेल, मेलमिलाप केन्द्र,

बित्तिय संघ संस्था : मेगा बैंक, जयबागेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. किउल सामुदायिक साना किसान कृषि सहकारी, रातोपुल कृषि सहकारी,जन्मभुमि बचत तथा ऋण सहकारी संस्था लि.सामुदायिक रुपमा कृयाशिल महिला समुहहरुको संख्या अन्दाजी १५ वटा जती रहेको छ ।

शैक्षिक संस्थाहरु :

भुमेश्वरी मा.बि. नुवुलिङ मा.बि. निजी मा.बि. याँग्रिमा स्कुल मणी कण्ठेश्वरी आधारभुत बिध्यालय, रिसँकु आधारभुत सात धारा आधारभुत बिध्यालय, सेती देवी आधारभुत बिधलय चित्रे आधारभुत बिध्यालय छन । यस मध्य बाल सञ्जाल भुमेश्वरी र नुर्बुलिंग मा.बि.मा रहेको । यहाँको शैक्षिक अवस्थालाइ हेर्दा १५ जना पुरुष र ११ जना महिलाले स्नाकोत्तर सम्मको अध्ययन पुरा गरेका छन । स्नातक गर्नेको संख्या महिला ४९र ८० रहेको पाइउयो । प्रमाणपत्र तहमा महिला १५५ र पुरुष १९७ रहेको पाइएको छ । यसै गरी एस.इ.इ.गर्नेको संख्या महिला ४४० र पुरुष ४३६ रहेका छन ।

**वडा नं ३ :**




पाल्चोक, हेलम्बु गा.पा. को वडा नं. ३ हो। यहाँको कुल घरधुरी संख्या जनगणना २०६८ अनुसार ४८९ र २०७५मा गाउँपालिकाले गरेको सर्वेक्षण अनुसार ४९० रहेको छ। यो वडामा कुल जनसंख्या जनगणना ०६८अनुसार १९२७ र गा.पा.को सर्वेक्षण ०७५ अनुसार २४७० रहेको पाइयो । यस वडाको माथिल्लो भुभागमा तामाङ, ह्योल्मो लामाहरुको वसोवास रहेको छ । तल्लो भागमा क्षेत्री, कामी, दमाइ सन्यासी, सार्कि लगायतका जातका मानिसहरु वस्छन । :योल्मो जातीका मानिसहरुको आफ्नै प्रकृतिको धार्मिक पराम्परा छ । जस अनुसार उनीहरु ल्होछार, न्हारा छेजु, बुद्धजयन्ती जस्ता चाडवाड मान्छन । क्षेत्री, ब्राम्हण,दशनामी, नेवार लगायतका जातीका मानिसरुले दशैतिहार, तिज, बुवाको मुख हेर्ने औंशि जनै पुर्णिमा, कृष्ण जन्मष्टमी, साउने संक्रान्ती, सोह्रश्राद, न्वागी, नागपंचमी ठूलो एकादशी, मागे संक्रान्त्री, विवाह, पंञ्चमी, जनै पूर्णिमा, सदमी छर्ने औशी, सरस्वती पुजा, पौष पन्ध्र, घिउ खट्टे, शिवरात्री, फागु पुर्णिमा, चैते दशैं, नया वर्ष, चण्डिपुर्णिमा, सिठी जस्ता चाडवाड मान्ने गर्दछन। यस्ता कतिपय चाड नारी सँग वडी सम्बन्धीत हुन्छ भने कतिपय पुरुष संग तर धेरैजसो सवै संग सम्बन्धीत हुन्छन।

पर्यटकिय स्थलहरु :

हेलम्बु गा.पा. वडा नं. ३ मा पर्ने पर्यटकिय स्थलहरुमा ककनी, रैथाने, जयवागेश्वारी मन्दिर यस वडाको पर्यटकीय स्थलहरुहरु हुन । पाल्चोकको माथील्लो भुभागबाट अन्नपुर्ण, गन्जाला, पाँचपोखरी गा.पा. को हिमाली, पाहाडी र तल्लो तटीय भुभागको दष्याबलोकन गर्न सकिन्छ।

भु-उपयोगको अवस्था।

यस वडामा वसोवास गर्ने अधिकांस मानिसहरुको पेशा कृषि तथा पशुपालन नै हो। यहाँको माथील्लो भेगमा वसोवास गर्ने शेर्पा, ह्योल्मो जातिका मानिसहरु पशुपालन गर्छन। माथिल्लो भेगमा मकै, कोदो, जौ, गहु लगायत आलु, मुलाको खेती हुन्छ। यहाँ जंगल प्रशस्त रहेको छ, यहाँको जंगलमा उतिस, चिलाउने, कटुस, सल्लो, टुनी, साल, बकाइनो, झिगानु, आदि पाइन्छ।

सुकुम्बासी विवरण-

यहाँ पुर्णत जग्गा जमिन नहुने मानिसहरु खासै छैनन । यो वडामा जम्मा एक घर मात्र सुकुम्वासी छन । उनको आफ्नो जमिन छैन अर्काको जमिनमा टहरो वनाएर वसेका छन । जमिन नहुने, असुरक्षित बसोवास भएका मानिसहरु भने धरै रहेका छन।

सिंचाईको अवस्था- यो वडाको तल्लो भगमाा खेति योग्य जमिन राम्रो छ । यहाँ परम्पार देखि आफ्नै ढंगबाट कुलोको निर्माण गरेर सिंचाइ गरी रहेका छन ,। व्यवस्थित ढँगबाट कुलो सञ्चालनमा ल्याइ

जिल्ला जलश्रोत समितिमा समेत दर्ता भएका सिंचाइ कुलोहरु निम्नासार रहेका छन । ति जल उपभोक्ता समतिहरु निम्नानुसार छन ।

१.सात धारा जयवागेश्वरी सिंचाई जल उपभोक्ता समिति

२. कुडेले खोला रक्त चन्दन सिंचाई जल उपभोक्ता समिति

३. कालीदह भटार सिंचाई जल उपभोक्ता समिति

शैक्षिक अवस्था-

पाल्चोक अर्थात वडा नं ३ को शैक्षिक अवस्थालाइ हेर्दा यहाँ यस वडामा जम्मा ३ वटा विद्यालय मात्र छन्। यहाँको शैक्षिक अवस्थाको परिणामलाइ हेर्दा कम्जोर भएता पनि पछिल्ले समयमा सुधारहरु देखिएका छन। ०६८ मा एस.इ.इ. गर्नेको संख्या महिला १६ र पुरुष ३८ थियो। ०७५ मा गाउँपालिकाले गरेको सर्वेक्षणमा महिला १२१ र पुरुष १०२ रहेको छ। ०६८ मा प्रमाण पत्र तह उतिर्ण गर्ने महिला १६ र पुरुष २५ रहेकोमा ०७५मा महिला १६ र पुरुष २५ रहेको छ। ०६८मा स्नातक तह उतिर्ण गर्ने महिला १ र पुरुष ३ भएकोमा ०७५ मा महिला २४ र पुरुष ४२ देखिएको छ। स्नाकोत्तर तह उतिर्ण गर्नेको संख्या ०६८ मा महिला १ र पुरुष ५ भएकोमा ०७५ महिला ६ र पुरुष १० भएको उल्लेख छ। यहाँ जम्मा ३ वटा मात्र बिध्यालयहरु रहेका छन।

१. जयवागेश्वरी मा.वि. पाल्चोक

२. ककनी मा.वि. ककनी

३. इसिङ आधारभूत विद्यालय इसिङ

वातावरण तथा सरसफाई अवस्था

यस वडामा सरसफाईको अवस्था राम्रो छैन । फोहरहरु यत्रतत्र फालिएका छन, । घरभित्र बाट निस्कने फोरहरुहरु पनि सडकका आसपास र खोला खोल्सामा फ्याक्ने गरीएको छ । पुर्ननिर्माण काम सम्पन्न भएको छैन। तर पनि शौचालयहरु भने अस्थाइ भए पनि बनेका छन। बाहीर खुला दिशा पिसाव गर्ने गरेको भने देखिंदैन।

भौतिक निमाण :

सडक सन्जाल :

१. चनौटे स्वास्थ चौकी देवीस्थान नागीडाँडा सडक -

२. नौतले स्वास्थ्य चौकी देवीथान सडक

३. सार्कीटोल मोटर बाटो

४. पोखरे भञ्ज्याङ देवीथान सडक

५. देवीथान भुजेलटोल मोटर बाटो

६. रातोघर इसिङ गुम्बा सडक

७. गैरीवेशी देवीथान मोटर बाटो

८. नौ तले पिपलचौर घारेडाँडा सडक

९. माझटोल गुम्बा मजुवा सडक

१०. चाक्पा सिङ पाङवा लहरेमाने मोटर वाटो

झोलँङे पुलको बिवरण

१) कुडुले खोला झो.पु.

२) तोरीस्वाँरा झो.पु.

३) ग्याल्थुम झो.पु.

सामूदायिक भवन

पाल्चोकी माई मन्दिर  भवन -१

गा.पा. देखि वडा सम्मको दुरी  गाउँपालिकाको कार्यलय किउल बगर देखि वडा कार्यलय सम्मको दुरी १० कि.मी. रहेको छ ।

होटल तथा गेष्ट हाउस विवरण :

१) एभरेष्ट हाउस ककनी

२) पाल्चोक गेष्ट हाउस पाल्चोक

३) जयवागेश्वरी नास्ता सेन्टर पाल्चोक

कृषि फाराम  तथा घरेलु उद्योगहरु

१) जयवार्गेीवरी राइस एण्ड फ्लोर मिल

२) भगवती कुटानी एण्ड पिसानी मिल

३) पानी घट्ट ४) हेलम्बु पोल्ट्री फाराम एण्ड सप्लायर्स हेलम्बु ३

५) हेलम्बु नमुना कृर्षि फाराम हेलम्बु - ३

६) लालीगुराँस कुर्षि फाराम हेलम्बु - ३

७) चन्द्र सुर्य तेल मिल हेलम्बु - ३

हेलम्बु वडा नं. ३ मा रहेका सामुदायिक वन विवरण

१) उखुवारी छाङ्ग देखी ठुलो भिर सा. वन

२) रक्त चन्दन सामुदायिक वन

धार्मिक वन

१) पाल्चोकी माईको आसपासको वन

गुठीहरु विवरण

१) रैथाने घ्याङ गुठी (गोरखानाथ)

२) पाल्चोक घ्याङ गुठी

३) जयवागेश्वरी गुठी

खा.पा योजनाहरु

१) पाल्चोक ककनी खा.पा.

२) बर घेरा खा.पा.

३) कमेरे खानी


पाल्चोकी माइको किम्वदन्ती

परापुर्ब कालमा मानब बस्ती विकासका लागि जंगल फडानी गरी जमिन खन्दा एउटा सिलामा कोदालो ठक्कियो र शिलावाट रगत आयो । त्यस पछि इश्वरको रुपका नाममा संरक्षण हुन थाल्यो । त्यस पछि कुनै एक समय दरवारमा रानी विरामी परिन । उपचार गर्न द्वारेहरुलाई ´ ाकी खोज्न लागाइयो । त्यस बेला एकजना पाल्चोकका मानिस दरवारमा द्वारे काम गर्दा रहेछन् । उनले महारानीको रोग निको पार्ने धामी पाल्चोकमा छ म ल्याउछु भने छन । त्यस पछी ´ ाकीलाई खोजेर दरबारमा ल्याउन हुकुम भयो । हुकुम बमोजिम धामीलाइ दरबारमा ल्याइयो । सरकारले धामीलाइ के भएको हो ल भन भनी सोधे । ´ ाकीले माहारानीलाइ भेट्नु पर्ने बताए । माहारानीलाइ धामीले छुन नहुने हुकुम राजाबाट भयो । ´ ाकीले एउटा धागोको टुप्पो महारानीलाइ समाउन लगाए र अर्को छेउ आफु भएको ठाउँमा ल्याउन भने । धामीले भने बमोजिम कामदारलाइ अह्राइयो । द्वारपालेले रानी बसेको खाटको खुट्टामा धागो बाधेर ´ ाकी भएको ठाउँ सम्म ल्याए । ´ ाकीले भने विरामीलाई धागोले छोएको छैन छुवाएर लिएर आउनु । फेरी द्वारपाल गए र ओछ्यानको तन्नामा एक छेउ बाधि अर्को छेउ ´ ाकीलाइ दिए । फेरी उनले भने माहारानीलाइ धागोले छोएको छैन, छुवाएर लिएर आउ भने पछि कान्छी अम्लामा बाँधी ल्याए । अनी ´ ाकीले जोखाना हेरेर भने पाल्चोकी माईको दोष देखिन्छ सरकारबाट हुकुम भयो के गर्नु पर्छ त ? सरकार केहि गर्नु पर्दैन, एउटा कालो बोको एउटा भाले चहिन्छ । यी दुइ चिज पठाइ वक्सियोस म उपचार गर्छु र निको पार्छु झाकीले भने । उनले पाल्चोकी माइको पुजा गरे पछि बिरामी निको भयो । त्यस पछि राजा रानीबाट हुकुम भयो तिमिलाई के दिउ ? झाक्रीले गाउलेलाई गोल झारा मिनाहा होस र पाल्चोकी माईको पुजा चलाउन थोरै जमिन बक्सियोस भने पछि राजाले पाल्चोकका गाउँलेका लागि गोल झारा छुट गरी दिए र जग्गा पनि प्राप्त भयो । त्यस बेला देखि पाल्चोकी माइको पुजा आजा गर्न देवताको नाममा गुठी जग्गा प्राप्त भयो र गोल झारा पनि तिर्नु नपर्ने भयो ।

रानीलाइ लागेको रोग पाल्चोकमा पालचोकीमाइको पुजा आजा गरे पछि विषेक भएको हल्ला चल्यो र पाल्चोकी माईको महिमा वढ्न थाल्यो । अप्ठेरोमा भाकल गर्दा मागेको फल मिल्छ, भगवानको दर्शन गरे शान्ति र सम्पती मिल्छ भन्ने विश्वास बढ्न थाल्यो भन्ने भनाइ छ । (श्रोतः टेक बहादुर भारती जेष्ठ नागरीक)

दशैंमा फुलपातीका दिन छापबाट एउटा बोका ल्याएर बली दिने नवमीका दिन खानी गाउबाट ल्याएको वोकाको बलि दिने, अष्टमीका दिन राती कालरात्री पुजाका लागी नागीडाँडाबाट ल्याइन्थ्यो र नवमीको दिनको लागी कोटमा वलि दिने रागा चाही भिरखर्क जोती गाउबाट लगिन्थ्यो । बोकाको मासु दरवारमा समेत लानु पर्ने व्यवस्था थियो । राजा त्रिभुवनको पाला देखि पुजा गरेको मासु सरकार सम्म लैजानु पर्ने प्रथाको अन्त भयो । अहिले मुलुकका धेरै भाग बाट दर्शन गर्न र पुजा आजा लिएर आउने गरेको भएता पनि रामनवमी, एकादशी, औशी र कृष्ण अष्टमीमा भने बलि दिने गरेको छैन ।

**वडा नं ४ :**




हेलम्बु गाउँपालिका वडा नं.४ मा गाउँपालिकाले ०७५ मा गरेको सर्वेक्षेण अनुसार ५२४ घर रहेको छ । कुल जनसंख्या २७४० छ भने महिलाको संख्या १३९४ र पुरुषको संख्या १३४६ रहेको छ । यस वडामा जैशी क्षेत्री र तामाङ, दमाई, कामी भुजेलहरु बसोवास रहेको छ । यस भेगको पुरानो विध्यालय सरस्वाति उच्च मा.बि. पनि यहिं छ र यहाँ मेलम्ची भ्याली क्याम्पस संचालन गरीएको छ । यस वडाका मानिसहरुको मुख्य चाड दशै, तिहार, न्वागी, माघे संग्रान्ति, बाला चर्तुदशी, शिवरात्री जेष्ट पुर्णिमा, बुद्ध जयन्ती, न्हारा, ल्होसार छिजु पर्व मुख्य हुन ।

भु-उपयोगितालाई हेर्दा खेती वाली वन जंगल भिर पाखो मानव वस्ती खोला नालाले ढाकेको छ यस वडामा धान, मकै, कोदो, गहुँ, तोरी, आलु तरकारी मुख्य वाली हुन वनमा पाइने वोट विरुवा चिलाउने, कटुस, साल, पैयुँ, टुनी इत्यादी पर्दछन् । आफ्नो पेशा व्यावसाय कृषि तथा पशुपालन भएकोले यहाँका मानिसहरुले गाई, भैंसी, गोरु, वाखा, सुगुर, वङगुर, कुखुरा पालन गर्दछन् ।

सुकुम्वासी समस्या :

यस वडामा ४ जना सुकुम्वासीहरु रहेको पाइन्छ । उनीहरुको आफनो पैत्रिक जमिन छैन । अरुको जग्गामा आश्रीत रहेका छन ।

बन जंगल : यस वडामा बन जंगलहरु प्रशस्त रुपमा रहेको छ । यहाँको जंगलमा बिभन्न जातका रुख बिरुवाहरु पाइन्छ । यहाँको माथिल्लो भेगमा उत्तिस र सलल्लो लगायतका रुख बिरुवाहरु पाइन्छ भने तल्लो भेगमा चिलाउने सालका रुखहरु पाइन्छन । जंगली जनावरहरु स्याल, दुम्सी, चितुवा, वाँदर, कालिज, मृग आदी छन ।

सिंचाइको अवस्था :

यस वडामा पानीका मुहानहरु भएकाले सिचाईको समस्या खासै छैन । प्राय जसो खोला खोल्सामा पानीको मुहान छ । यस वडामा दर्ता भएका सिचाई योजनाहरु पनि छन् । ति दर्ता भै सञ्चालनमा आएका सिंचाइ योजनाहरु निम्नानुसार छन ।

१) शेरा फाँट सिचाईकुलो

२) टार सिचाई कुलो

३) गंगेटार क्यामुने सिचाई कुलो

४) मण्डी घट्टा विर्ता गाउ सिचाई कुलो

५) महभिर खोला हरेडाँडा विसौनी सिचाँई कुलो

६) ग्याल्थुम खोला राज दुवाली मुसेवालुवा सिचाई कुलो

७) ग्याल्थुम खोला वालुवा वगैचा दमै सिम सिचाई कुलो

८) माहाभिर खोला लप्सेखेत सिचाई कुलो आदी छन् यि जिल्ला सिचाई कार्यलयमा दर्ता समेत भएका छन् यि वाहेक अन्य स्थानमा पनि दर्ता नभएका तर साम्रो सँग सञ्चालन गरीरहेका साना तिना कुलाहरु पनि छन् ।

शैक्षिक अवस्था :

यस वडामा ०७५मा गा.पा.ले गरेको सर्वेक्षण अनुसार एस.इ.इ गर्ने महिलाको संख्या १९३ जना र पुरुष २०३ जना रहेका छन । प्रमाण पत्र तह उतिर्ण गर्ने महिला ८७ पुरुष ९७ जना छन । स्नातक तह उतिर्ण गर्ने महिला ५३ र पुरुष ६८ जना रहेका छन । स्नाकोत्तर गर्ने महिला २९ र पुरुष ५६ जना रहेकाो पाइएको छ । यस वडामा वसोबास गर्ने मानिसहरुले नजिकै बिध्यालय धेरै पहिला देखि नै भएकाले शिक्षाको सुबिधा पाएका छन । यहाँका बिध्यालयहरुमा निम्नानुसार सञ्चालनमा छन ।

१) सरस्वती मा.वि.

२) मेलम्ची भ्याली क्याम्पस

३) सर्वोदय अधारभुत विद्यालय

४) माहाकाली निम्देश्वरी आ.वि.

(५) इष्टपोइन्ट एकेडेमी आदि छन

बाताबरण तथा सरसफाई

भुकम्प पछाडि प्रत्यक घरमा शौचालयहरु बनेका छन् । वाटा घाटामा खुल्ला दिशा देखिदैन तर प्लाष्टीक र घरवाट निस्कने थोत्रो सामाग्री, मरेका सिनोहरु खोल्सा खोल्सिमा पर्याप्त फ्यालिएको भेटिन्छ,।

<u>खानेपानी अवस्था</u>

यस वडा वासिहरुलाई खानेपानीको खासै दुःख छैन । खानेपानीका लागि एक्सन एड नेपाल र फनबोर्डको सहयोग यस ठाउँमा छ तर व्यावस्थापन भने निकै फितलो देखिएको छ । खानेपानी योजनालाइ व्यवस्थित र निरन्तरता दिनु जरुरी छ । उल्लेखित सिचाई योजनावाट धेरै खेत सिचित भएका छन् जस्को निरन्तरता मर्मत र उपयोगितामा उपभोक्ताहरुले ध्यान दिनु जरुरी देखिन्छ ।

यस वडा भित्र निम्न अनुसारका सामुदायिक वन समिति स्थापना भएका छन । सामुदायिक बन समितिहरु :

१) फुर्के सल्लो सामुदायिक वन उपभोक्ता समिति

२) गंगरे पाखा सामुदायिक वन उपभोक्ता समिति

३) छाङे खोला सामुदायिक वन उपभोक्ता समिति

४) एक कवुलियती वन पनी रहेको छ।

सार्वजनिक पाटी पौवा विसौनीहरु

१) ग्याल्थुम विसौनी

२) आँप विसौनी

३) मराम्ची चौतारी

४) मेल विसौनी

५) सालघारी विसौनी

उक्त विसौनीहरु हाल सडक यातायातका कारण यिनको प्रयोग र संरक्षणमा संकटमा परेको छ।

विपद पुर्व तयारीको अवस्था वडाले तयार नपारे पनि गा.पा. ले तयार गरेको छ।

खेल मैदान :

१) चिलाउने घारी खेल मैदान

२) डाँडा टोल खेल मैदान

राजनितिक संगठनहरु

१) कम्युनिष्ट, पार्टी

२) नेपाली कांग्रेस पार्टी

३) राप्रपा

कृषि तथा पसुपालन :

यहाँको मुख्य खाध्यान्न बालीमा धान कोदो मकै, गहूँ हो। फलफुलमा अमिलो जातका फलफुलहरु, कटहर भुइकटहरु आँप पनि लगाउने गरेको पाइन्छ। नगदे बालीमा कफि, अलैची,हो भने कृषि उत्पादनमा दुधबाट यहाँका मासिनहरुले मनग्ञ आम्दामी गर्ने गरेको पाइन्छ।

यस वडाको खाध्य निर्भतामा पालिका ०७५मा गरेको सर्वेक्षण अनुसार कृषि पेशा नगर्नेको संख्या जम्मा ८ रहेको छ भने आफ्नो कमाइले तीन महिना खान पुग्नेको संख्या १५९ परिवार,६ महिना १२७ परिवार,९ महिना ४४ र १२ महिना खान पुग्ने १८२ परिवार रहेको पाइएको छ। आफनो कमाइले खान पुगेर बेच्ने ५४ परिबार रहेको पाइयो। पसुपालनमा गाइ १५० वटा,भैंसी २२३ वटा बाख्रा ५८० वटा पालन गरी रहेको कुरा पालिकाले ०७५ मा गरेको सर्वेक्षणमा कृषकहरुले बताएका छन।

**बित्तिय तथा सहकारी संस्थाहरु :**

**यस वडामा सञ्चालनमा रहेका सहकारीहरु :**

१) हेलम्बु कृर्षि सहकारी संस्था लि.

२) सामुदायिक वहुउदेश्य सहकारी संस्था लि. हेलम्बु -४

३) जयवागेश्वरी महिला वचत तथा ऋण सहकारी संस्था लि.

जयवागेश्वरी महिला वचत तथा ऋण सहकारीमा ४५० सदस्य संख्या रहेका छन ।

**सामुदायिक भवनहरु**

१) हेलम्बु गा.पा. वडा नं. ४ को कार्यलय ग्याल्थुम मंगलपाटि

२) जेष्ठ नागरिक भवन चिलाउने घारी

**यस वडाका सडकको विवरण र अवस्था :**

१) ग्याल्थुम गोल्फु भञ्याङ मोटर वाटो

२) शेरा चौकी मराम्ची सडक

३) पाटिचौर टार विर्तागाँउ लप्सि पाखा सडक

४) गंगेटार मराम्ची सडक

उल्लेखित सडकहरु कच्चि सडक हुन र यी सडकहरुमा नाली र सोलिङको व्यवस्था छैन । यसर्थ यी सडकहरु  हिउद मात्र सञ्चालनमा आउँछन ।

**झोलुङ्गे पुल विवरण**


यस वडामा निम्न अनुसारका झोलुङ्गे पुलहरु छन् ।

१. ग्याल्थुम पाल्चोक झो.पु.
२. तालामाराङ भटार फाँट झो.पु.
३. शेरा कुडेले खोला झो.पु.

**वडा कार्यलय**

गा.पा. केन्द्र देखि लगभग ६ कि.मि.को दुरीमा वडा कार्यालय अवस्थित छ ।

**वडा नं ५ :**




तात्कालिन महाँल गाबिसलाइ २ वटा वडाहरु क्रमश ४ र ५मा मा बिभाजन गरएिको छ । ०७५ सालमा गा.पा.ले गरेको सर्वेक्षण अनुसार ५२३ घर धुरी हरु छन । कुल जनसंख्या २९४६ रहेको छ । यसमा महिलाको संख्या १४८६ रहेको छ भने पुरुषको संख्या १४६० पुरुषको संख्या छ । हेलम्बु गा.पा. वडा नं. ५ साविक महाँकालको माथिल्लो भेगको प्रतिनिधित्व हुन्छ । महाँकालको माथिल्लो भेगमा अवस्थित यस ठाउँमा शेर्पा, गुरुङ र तामाङको मात्र बस्ती रहेको छ ।

यहाँका बासिन्दहरुको चाड ल्होसार, दशै. तिहार, संक्रन्ति छेजु नारा मुख्य हुन । पर्यटकीय स्थलहरु : यहाँको माथिल्लो भेगबाट हिमालका दृष्यहरु हेर्न सकिन्छ । माथिल्लो भेग पिकनिक स्पोर्टको रुपमा उपयुक्त स्थान मानिएको छ । यहाँका प्रशिद्द पर्यटकीय स्थलहरुमा

१) चित्रे महादेव पोखरी
२) पीप्से पुरानो गुम्बा
३) बम्बो डाँडा (चेहेन भुमेडाँडा)
यस वडाबाट गञ्जाला र जुगल लगायतका हिमालहरु देखिन्छ ।

कृषि तथा पसुपालनको अवस्था :

यस वडामा खाध्यान्न बालीमा कोदो, मकै, धान, गहुँ हुन्छ । तरकारीमा आलु, मुला,लसुन प्याज काउली बन्दा, गोलभेडा लगायतका तरकारी खेतीको शुरुवाति भएको छ । यहाँ पाीलकाले ०७५मा गरेको सर्वेक्षण अनुसार यहाँका बासिन्दाहरुमा आफ्नो कमाइले तीन महिना खान पुग्ने परिवार संख्या १९७ रहेको छ । ६ महिना खान पुग्नेको संख्या १०२,नौ महिना खान पुग्ने ८० परिवार, बर्ष भरी खान पुगेर बिक्री गर्नेको संख्या ४८ रहेको छ । त्यस्तै पसुपालन तर्फ १६० वटा गाइ, १८५ वटा भैसी,५९० वटा बाखा पालन गरेको पाइन्छ ।

बन क्षेत्र : यस वडामा वन जंगलहरु थुप्रै छन् काठमा प्रयोग हुने खर्सु, चिलाउने, उतिस सल्ला कटुस टुनी मुख्य बोटविरुवा हुन । यस वडामा निम्न अनुसार सामुदायिक वन समितिहरु कृयाशिल छन् ।

१. मानेडाँडा सामुदायिक वन
२. भूमेस्थान सामुदायिक वन
३. सिरिसे सामुदायिक वन
४. फार्पासाङ सामुदायिक वन

५. चौरी खोर सामुदायिक वन
६. धलडाँडा सामुदायिक वन साथै एउटा कबुलियती वन समेत रहेको छ।

बातावरण तथा सरसफाइ :

सरसफाईको लागि एउटा समन्वय समिति गठन भई एकपटक सामुहिक रुपमा सरसफाई गरियो तर यसलाई निरन्तरता दिन सकिएको छैन। यस वडामा भूकम्प पछाडीको पून:निर्माण अन्तर्गत ४४९ घर धुरी निर्माण संगै शौचालय समेत बनेको छ । बाहिर खुलारुपमा दिसा देखिदैन तर प्याष्टीक जन्य वस्तुको फोहोरले ठुलो समस्या ल्याइरहेको छ।

सडक सञ्जाल

यस वडा भित्रका सडक सञ्जालहरु
१) कुलुङ खोला खर्वुजे फार्पासाङ छाजुकाङ सडक
२) सुरुङ विन्दु, सविचे गोल्फु नवाकोट सडक
३) गिजे चौर मानेडाडा पिप्से चित्रे गोल्फु नुवाकोट सडक
४) ताम्राङ भञ्याङ फार्पासाङ छाजुगाङ सडक
५) छाजुगाङ ब्राङगन नालुङ सडक
६) कलुङ खोला बोल्दे लाप्चो सडक
७) क्यासिङचे दोगाउ लामागाउँ सडक
८) वडा कार्यालय सडक
९) छ्युमी चौर ठच्चीटोल सठक
१०) ढुङेगाङ कोपे थालगाङ सडक

झोलुङ्गे पुलको विवरण :

१. उर्लेनी तालामाराङ झो.पु.
२. सिरिसे झो.पु.

गुम्वा मठमन्दिर विवरण

१. चित्रे गुम्बा
२. पिप्से गुम्बा
३. लाभटोल गुम्बा
४. लाभगाङ माने

सामुदायिक भवन विवरण

१. खर्बुजे सामुदायिक भवन
२. पिप्से स्वास्थ्य सेवा केन्द्र भवन

खेल मैदान - छ्युमी चौर खेल मैदान

वडाको अवस्थिती

गा.पा.देखि वडा सम्मको दुरी १३ कि.मि.रहेको छ।

समाजिक संघ समुहहरु :

टोल विकास समितिहरु

१. जोहोहेनगाङ टोल विकास समिति
२. फार्पाजाँङ भञ्याङ खर्बुजे छ्याजो टोल विकास समिति
३. च्योमथली गोम्देन तगाङ टोल विकास समिति
४. नालोङ ताङगान टोल विकास समिति
५. बोल्दे लामाटोल टोल विकास समिति

राजनीतिक संगठनहरु

१ कम्युनिष्ट
२ काग्रेस,
३ राप्रपा


विद्यालयहरुको विवरण :

१. सर्वोदय आधारभूत विद्यालय
२. सिद्धार्थ आधारभूत विद्यालय
३. सिर्जना आधारभूत विद्यालय
४. भञ्याङ आधारभूत विद्यालय
५. बोल्दे आधारभूत विद्यालय

खानेपानी योजनाहरु

१. उर्लेनी खा.पा.योजना
२. कल्लेरी खा.पा. योजना
३. मेसन खोला खा.पा. योजना
४. लिहोप खा.पा. योजना
५. बोल्दे खा.पा. योजना

**वडा नं ६ :**




हेलम्बु गा.पा. वडा नं. ६ र ७ नं साविक इचोक गा.वि.स.लाइ छुट्याएर निर्माण गरीएको हो । वडाको पुर्वमा मेलम्ची नदी पश्चिममा लाङटाङ राष्ट्रिय निकुञ्ज, उत्तरमा हेलम्बु १ को तारतोङ र दक्षिण दिशातर्फ गोहोरे खोलाले छेकेको छ । यस वडामा नालुङखर्क घोप्टेघ्याङ, गोहोरे फाँट सोती फाँटहरु रहेका छन । यो वडामा ०७५ को गाउँपालिकाको सर्वेक्षण अनुसार ७१६ परिवार रहेको छ । कुल जनसंख्या ३३२७, महिला १६३३ र पुरुष १६९४ रहेको छ । यस वडामा ब्राम्हण, क्षेत्री, घर्ती, कामी, दमाई, तामाङ, शेर्पाको वसोवास छ । शेर्पाको बसोवास माथील्लो भेगमा तामाङ विचमा र तल्लो नदि किनार भेगमा ब्रामण क्षेत्रीको वसोवास प्राय छ ।

कृषि तथा पसुपालन :

याहाका मानिसहरुको मुख्य व्यवसाय खेतिपाती र पशुपालन नै हो । खेतीपातीमा धान, मकै, कोदो, गहुँ, तोरी, आलु, कफी, अलैची, तरकारीको खेती हुन्छ । पशुपालनमा गाई, भैंशी, बाखा, गोरु, सुङगुर, कुखुरा नै मूख्य हुन । गाउँमा खास युवा पुस्ता छैनन पेशा व्यवसायका हिसावले देश विदेशमा रहेकोले पहिले खेती हुने भिरपाखा वारी बाझा छन् । भुकम्प पछाडिका वस्तीहरु त झन गाउँ छाडेर वेशीमा झरेका छन् । खेति पाति पशुपालन पेशा सागुरिएको छ । यस वडा वाट उत्पादन भएर वाहीर निकासी धान, आलु गहुँ, कफि, दुध, अलैची नै मूख्य हुन । पालिकाले ०७५मा गरेको सर्वेक्षण अनुसार खाध्यान्न आत्मनिर्भरताको अवस्था हेर्दा यहाँका ११८ घर परिवार कृषि पेशामा संलग्न छैनन । आफ्नो कमाइले १६० परिवारलाइ तीन महिना खान पुग्छ । १९३ परिवारलाइ आफ्नो कमाइले ६ महिना खान पुग्छ । ८७ परिवारलाइ आफ्नो कमाइले नौ महिना र १४८ परिवारलाइ एक वर्ष खान पुग्छ भने ४४ परिवारले पुगेर बिक्री गर्छन । पसुपालनमा यस वडामा २७४ वटा गाइ,४४२ वटा भैंसी र १३१६ वटा बाखा पालन गरेको कुरा गा.पाले गरेको सर्वेक्षण २०७५ बाट थाहा भएको छ ।

बन जंगल : यस वडामा समुदायबाट संरक्षित सामुदायिक धार्मिक र कवुलियती वनहरु छन् र केहि निजी वन पनि छन् तर यि दर्ता भने छैनन् लाङटाङ राष्ट्रिय निकुञ्जको संरक्षित जंगल पर्छ । वडा भित्र रहेका जंगलमा निम्न अनुसार वोट विरुवा रुखहरु पाइन्छ । चिलाउने, कटुस, उतिस, बकाइनो, सल्ला टुनी, खसु चाप, बाँस आदी हुन ।

मुख्य चाड पर्वहरु

नयाँ वर्ष आमा खुवाउने औशी, असार पन्ध्र, साउने संक्रान्ती, नागपञ्चमी, जनै पुर्णिमा, कुशेऔशी तिज, सोह्रश्राद, दशै, तिहार, एकादशी, बालाचतुदशी, धान्य पुर्णिमा, न्वागी, माघे संक्रान्ती, फागुपुर्णिमा, शिवरात्री, ल्होसार, छेजु नारा, बुद्धजयन्ती मुख्य हुन ।

यस वडामा रहेका शैक्षिक संस्थाहरु :

१. महेन्द्र मा.वि. तथा प्राविधिक विद्यालय- सुपारीटार
२. नरायण मा.वि. इचोक
३. धापसुङ आधारभुत विद्यालय

४. घोप्टेघ्याङ आधारभुत विद्यालय

वातावरण तथा सरसफाईको अवस्था

यस वडामा पुर्ननिर्माणको काम सँगै शैचालयको निर्माणको काम भैरहेको छ । घर नबनेका ठाउँमा पनि अस्थाई शौचालय छन् वाहिर फेर खुल्ला दिशा छैन । फोहोर मैला प्लाष्टीक जन्य बस्तु र गाउ घर बजारबाट निष्कने वस्तुहरुको सहि व्यवस्थापन भने हुन सकेको छैन । यस्ता फोहरको व्यवस्थापन नहुनुले भोलीको दिनमा समस्या नहोला भन्न सकिदैन । खोला, खोल्सा खोल्सीमा फालीएको प्लाष्टीकले खेत वारी प्रदुषित बन्दै गएको छ ।

सिंचाइ योजनाहरु :

हेलम्बु गा.पा. भित्रका सिंचाई योजनाहरु निम्न छन् ।

१. आकासे पुल सुपारिटार सिचाई कुलो
२. गोहोरेखोला कुलो
३. सिउरीनी कुलो
४. थापा कुलो
५. गोर्लाङगे कुलो
६. मुसे कुलो
७. डुडेखोला घैरेनी कुलो
८. केरावारी कुलो
९. इचोक कुलो
१०. अधेरी खोला कुलो
११.गोहोरे खोला कुलो
१२. डुडेखोला ओडारे कुलो आदि

सडक सञ्जालहरु

१. चनौटे थापाटार मानेगैरी धापसुङ, सडक
२. इचोक चिनीखर्क ताखोङ सडक
३. अधेरीखोला नयाँवस्थी डुडेखोला कृषि सडक
४. गोहोरे साकिने चौर सडक
५. इचोक धापसुङ सडक

यहाँका सडकमा आवस्यक नालीको व्यवस्था छैन, पहिरोको जोखीम छ । हिउदमा ट्रक, ट्याक्टर गाडी गुड्छन् भने वर्षा याममा सवै बन्द हुन्छन् । र्दछ ।

नदीनालाहरु : मेलम्ची नदि, गोहोरे खोला, डुडेखोला, ओडारे खोला, छ्यासगाउँ खोला हल्देखोला आदी

संघ संस्था :

१. फुलवारी महिला समुह
२. डेरी भवन
३. ओडारे पाहुना घर
४. धापसुङ पाहुनाघर
५. इचोक पहुनाघर
६. पिपलबोट चौतारी भवन
७. पंडितहरुको घाट मसानेपाटी

८. मसानेपाटी इचोक
९. मसाने पाटी धापसुङ

भोलंगे पुल विवरण

१. थापाटर पेवाडाँडा भो.पु.
२. नयावस्थी मुक्तिटार भो.पु
३. ओडारे चिउरीखर्क भो.पु.
४. धार्ना पातिङ भो.पु.
५. धापसुङ सुसिंङ भो.पु.

व्यापरीक केन्द्र : यस वडाको ब्यापारीक केन्द्र चनौटे मात्र हो ।

घरेलु उद्योगहरु : यस वडामा सञ्चालित घरेलु उद्योगहरु ।

- मीन ब. राइसमील
- सुब्वा थापा राइसमील एण्ड पानी घट्ट
- धन ब. पंडित राइसमील

धार्मीक स्थालहरु :

- सल्ले राधाकृष्ण मन्दिर
- इच्छेश्वर माहादेव मन्दिर थापाटार
- देवीथान इचोक
- इचोक गुम्बा

जात्रामेला लाग्ने स्थानहरु :

केशिङ्चेत मेला, मंसिर पुर्णिमा, माघेसंक्रान्ती, गुरु पुर्णिमा

व्यापार व्यवसाय कृषि फर्म २ र उद्योग एउटा रहेको छ ।

- बाखा पालन फर्म
- कुखुरा पालन फर्म
- फर्निचर उद्योग

राजनितिक संगठनहरु


१) कम्युनिष्ट,
२) काँग्रस,
३) राप्रपा

सहकारी संस्था विवरण

१. अन्नपुर्ण कृषि सहकारी संस्था लि. गोहरे ।
२. गोहरे दुग्ध सहकारी संस्था

यसका अलवा धेरै टोलहरुमा महिला समुहहरु संचालनमा छन् । यद्यपी ति संस्थाहरु दर्ता भएका छैनन्

**वडा नं ७** :




हेलम्बु गा.पा. वडा नं. ७ मेलम्ची नदीको किनार तट देखि इचोकको उच्च भुभाग कुटुम्साङ माङगीन गोठ सम्म फैलिएको छ । गाउँपालिकाले ०७५ मा गरेको सर्वेक्षण अनुसार यहाँको कुल घरधुरी संख्या ६२८ रहेको छ । यहाँको कुल जनसंख्या ३३४९ हो भने महिलाको संख्या १७१५ र पुरुषको १६३४ रहेको छ । यहाँ शेर्पा तामाङ ब्राम्हण क्षेत्री दमाई कामी, सार्की नेवार जातिको बसोबास छ । यहाँका मानिसहरुको मुख्य पेशा भनेको कृषि र पशुपालन नै हो । गाउँमा खास महिला, बालबालिका र बुढापाखा मात्र छन् नयाँ युवापुस्ता व्यापार व्यवसायकालागी देश, विदेशमा विभिन्न कामको खोजीमा जाने गरेका छन् । यस वडामा बसोबास गर्ने जातीगत आधारमा उनीहरुले आफ्नो जात धर्म संस्कार अनुसार विभिन्न चाडपर्व मान्ने गर्दछन् ।

दशै तिहार, नयाँ वर्ष, आमाको मुख हेर्ने औशी, अचितृतीया, जेष्ठपूर्णिमा, बुद्धजयन्ती असार पन्ध्र, साउने संक्रन्ति नागपञ्चमी, कुसेऔशी, तिज,जनैपूर्णिमा सोह्र सराद्ध ठुलो एकादशी न्वागी, वालाचतुदर्शी, पौष पन्ध्र, माघे संक्रन्ति, फागुपुर्णिमा, चैते दशै, ल्होसार, नारा छेजु आदि यस वडामा मनाइने चाडवाड तथा मेलाहरु हुन ।

पर्यटकिय स्थलहरु :

१) कुटुम्साङ -कुटुम्साङ लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्र भित्र पर्छ । कुटुम्साङ पर्यटकहरुको आकर्षणको क्षेत्र हो । यहाँ हरेक दिन स्वदेशी तथा बिदेशी पाहुनाहरु आउने गरेका छन ।

जात्रा मात्रा तथा मेला पर्व :

१. महादेव स्थान- माहाकाल, (वालाचतुर्दशी दिन)
२. कुविण्डे देवी मन्दिर पोखरेडाँडा धान्यपुर्णिमामा जात्रा लाग्दछ ।
३. धार्ना जात्रा पातिङ, पातिङ फेदी, माघे संक्रन्ति र धान्य पुर्णिमा

कृषि तथा बन :

यस वडामा खेतीपातीको रुपमा धान मकै, कोदो, गहुँ, तोरी आलु र तरकारी तथा फलफुल हुन्छ । खाध्यान्नको आपुर्तिको अवस्थालाइ हेर्दा यहाँका बासिन्दाहरु मध्य ४८ परिवार कृषि पेशामा संलग्न नै नरहेको पाइएको छ । ३६९ परिवारलाइ आफनो कमाइले तीन महिना मात्र खान पुग्छ । ६३ परिवारलाइ ६ महिना र एक बर्ष सम्म खान पुग्ने परिवार संख्या १२१ रहेको छ भने जम्मा २४ परिवारले मात्र आफुलाइ पुर्‍याएर अरुलाइ बिक्री गर्छन ।

पसुपालन तर्फ यहाँका मानिसहरु मध्य २२३ परिवारले गाइ, ४६७ परिवारले भैंसी पालन गरेका छन भने १२२४ वटा बाख्रा पालन गरीएको छ । त्यस्तै यो अरु वडामा भन्दा तुलनात्मक रुपमा बढिको संख्यामा ३९१० वटा कुखुरा पनि पालन गरीएको पाइएको छ ।

बनजंगल :

१. चिलाउने, खसु, कटुस, पीपल वर, वडर वकाइनो टुनी सल्ला, झिगानु, पैयु, सेति काठ, उतिस आदि हुन्छ ।

सिंचाइ : यस वडामा भएका बिशेष केहि सिचाई कुलोहरु :

१. ठूलो कुलो गोहोरेखोला कार्कीटोल
३. पातिङ खेत कुलो
४. मजुवा खेत कुलो
५. कामीटार कुलो

उल्लेखित कुलोहरु बाट अन्दाजी २००० रोपनीमा सिंचाइ सुबिधा पुगेको छ

यी कुलोको मर्मत सम्भारको काम सिंचाइ उपभोक्ता समितिबाट गर्ने व्यबस्था मिलाइएको छ ।

सडक सञ्जाल :

यस वडामा सडक सञ्जालको अवस्था यस्तो छ ।

१. चनौटे महाँकाल फाँट कुटुम्साङ सडक

२. माहाँकाल पोखरेडाँडा सडक

३. बंगारे पोखरेडाँडा सडक

४. भञ्ज्याङ स्वास्थ्य चौकी, पातिङ, इसिङ सडक

५. गोरीखोला भञ्ज्याङ मोटरबाटो

झोलुङ्गे पुल विवरण

१) मजुवा खोला,

२) पातिङ खोला

३) गोहोरे खोला,

४) गोरी खोला

५) पक्की-गोहोरे खोला थापाटारमा ११

शैक्षिक अवस्था र शैक्षिक संस्थाहरु :

२०७५ सालको जनगणना अनुसार एस.इ.इ. गर्ने महिलाको संख्या १०५ महिला र पुरुषको संख्या १२० रहेको छ। प्रमाण पत्र तहको अध्ययन गर्ने महिला १०५ र पुरुष १३२ रहेको छ। त्यस्तै स्नातकमा महिला ४० र पुरुष ४५ रहेका छन। स्नाकोत्तरमा भने महिला १५ र पुरुष १८ जना भएको पाइएको छ। यस वडामा रहेका बिध्यालयहरु :

१. हरिसिद्धी आधारभूत विद्यालय–बंगारे

२. पातिङ आधारभूत विद्यालय पातिङ

३. माहाँकालेश्वरी आधारभूत विद्यालय सुर्सिङ साथै सामुदायिक सिकाई केन्द्र माहाँकाल

सामुदायिक वन विवरण :

१) बंगारे सामुदायिक वन, -

२) भदौरे, ठुलो कुलो घारी पानीघाट

३) धार्मिक वन-

४) निम्देश्वरी

निकुञ्ज - लाङटाङ राष्टिय निकुञ्ज क्षेत्र

बैक तथा वित्तीय संघसस्था

१. नवजिवन कृषि सहकारी संस्था लि.

२. माहाङकालेश्वरी दुग्ध उत्पादक सहकारी संस्था लि.

धार्मिक स्थलहरु

१. महदेव मन्दिर, देवी मन्दिर कुविण्डे पातिङ माने, घ्याङ माख्लो मजुवा सुर्सिङ माने

बजार : यस वडाको व्यापारीक केन्द्र चनौटे हो ।

मेलमिलाप केन्द्र : यस वडामा सामुदायिक मेलमीलाप केन्द्र रहेको छ। जसले समुदायमा पर्ने साना तिना झगडालाई गाउमा मिलाउने गरएिको छ।

खानेपानी योजनाहरु :

यस वडाबाट उत्पादन भएर बाहिर निकासी हुने वस्तुहरु निम्न छन्।

बाहिर निश्काशन हुने बस्तुहरु : धान, कफी, अलैची, गहुँ, बाहिर जाने बस्तुहरुमा पर्छन ।

वातावरण तथा सरसफाईको अवस्था

यस वडामा सरसफाईको काम सकृयता पुर्वक हुन सकेको छैन । पुननिर्माणको काम सँगै शौचालयहरु निर्माण भैरहेको छ। बाहिर खुला दिशा देखिदैन र मानिसहरुलाई चर्पीमा दिशा गर्ने बानीमा धेरै विकास भएको छ । फोहोरको मुख्य श्रोत बजारबाट घर-घरमा जाने प्लाष्टिक घर बाट निस्कने थोत्रा प्लाष्टिक जन्य पदार्थ, लुगा, फाटो आदिले खोला खोल्सी सडक खेतबारी फोहोर हुने क्रम धेरै बढेको छ ।

## सन्दर्भ सामग्री


१. राष्ट्रिय जनगणना - २०६८

२. घरधुरी सर्भेक्षण - २०७५

३. गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्राप्त विवरण

४. पालिका स्वास्थ्य कार्यालयको अभिलेख

५. जिल्ला पार्श्वचित्र, सिन्धुपाल्चोक